# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ८१ | काठमाडौं | आइतबार, २९ असार २०८२ | Prabhab National Daily | Sunday, July 13, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


स्वार्थको द्वन्द्वसम्बन्धी विधेयकको मस्यौदा

## राष्ट्रपति, प्रधानमन्त्रीलाई उपहार 'मनाही'

- राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीशलगायत सार्वजनिक पदाधिकारीले उपहार लिन नपाउने
- उपहार लिए पनि कार्यरत सार्वजनिक निकायमा दाखिला गर्नुपर्ने
- उपहार दाखिला नगरे कारबाही

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** स्वार्थको द्वन्द्वसम्बन्धी विधेयकको मस्यौदामा सार्वजनिक पदाधिकारीलाई उपहार लिन मनाही गर्ने प्रावधान राखिएको छ । राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीशलगायत सार्वजनिक पदाधिकारी हुन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सुझावका लागि सार्वजनिक पदाधिकारीले उपहार लिन नपाउने प्रावधान उल्लेख गरेको विधेयकको मस्यौदा वेबसाइटमा राखेको छ । विधेयकमा सार्वजनिक पदाधिकारीले उपहार लिन नपाउने प्रावधान दफा ५ मा छ । त्यहाँ भनिएको छ, 'सार्वजनिक पदाधिकारीले आफू पदमा रहँदाका बखत कसैबाट कुनै किसिमको उपहार लिनु हुँदैन ।'

प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्ना दल नेकपा एमालेका लागि विवादित व्यवसायी मीनबहादुर गुरुङबाट जग्गा दान लिँदा विवादित भएको पृष्ठभूमिमा उपहार वा दान दुवै लिन नमिल्नेगरी कानुन बनाउन लागिएको हो । यदि, उपहार लिए वा प्राप्त गरे भने पनि त्यो आफू कार्यरत सार्वजनिक निकायमा प्रचलित कानुनबमोजिम दाखिला गर्नुपर्ने प्रावधान छ । नभए कारबाही गर्ने प्रावधान त्यहाँ उल्लेख छ ।

यसबाहेक सरकारले विदेशीसँग सार्वजनिक पदाधिकारीको भेटघाट घटाउनेगरी कानुन बनाउने भएको छ । सार्वजनिक पदाधिकारीमा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्रीसँगै प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, सबै तहका अदालतका न्यायाधीश, सांसदहरू, मुख्यमन्त्री, मन्त्री, संवैधानिक निकायका पदाधिकारी, स्थानीय तहका निर्वाचित पदाधिकारी र कर्मचारी पर्छन् ।

उनीहरूले अनधिकृत पत्राचार वा भेटघाट गर्न नपाउनेगरी सरकारले ऐन बनाउन लागेको हो । यो प्रावधान प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तयार गरेको स्वार्थको द्वन्द्वसम्बन्धी विधेयकको मस्यौदामा छ । यससम्बन्धी प्रावधान विधेयकको दफा १० मा छ । त्यहाँ अनधिकृत पत्राचार वा भेटघाट गर्न नहुनेसम्बन्धी व्यवस्था गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

# राप्रपामा लिङ्देनको मनमौजी शासन

## मनोनीतमाथि डण्डा चलाउँदा महामन्त्री जबरापक्ष रूष्ट

■ **जेबी योञ्जन**

**काठमाडौं–** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) अध्यक्ष राजेन्द्र लिङ्देनले प्रवक्ताबाट सगुनसुन्दर लावती र अनुशासन आयोगको अध्यक्षबाट नवराज सुवेदीलाई हटाएपछि पार्टीमा कलह बढेको छ । लिङ्देनले स्पष्टीकरण नसोधी केन्द्रीय समिति बैठकमा कारबाहीको प्रस्ताव पनि नलगिकन स्वेच्छचारी ढंगले पदबाट हटाएको भन्दै महामन्त्री डा. धवलशमशेर जबरापक्ष असन्तुष्ट छ । अध्यक्ष लिङ्देनको उक्त कदम विधानविपरीत भएको असन्तुष्टपक्षको आरोप छ ।

पदमुक्त गरिएका दुवै नेता जबरापक्षीय हुन् । जबरापक्षका नेताहरूले शनिबार छुट्टै भेला आयोजना गरी छलफल गरेका छन् । छलफलले अध्यक्ष लिङ्देनको कदम गैरकानुनी र स्वेच्छचारी भएको भन्दै निर्वाचन आयोगमा चुनौती दिने निर्णय गरेको जानकारी दिइएको छ ।

'विधानले कसैमाथि कारबाही गर्नुपरे केन्द्रीय समिति बैठकमा अध्यक्षले कारबाहीको प्रस्ताव लानुपर्छ । त्यहाँबाट अनुमोदन भएपछि अनुशासन आयोगले छानबिन गरेर कारबाही गर्छ, तर, त्यसो नगरी स्वेच्छचारी ढंगले अध्यक्षले कारबाही गर्नुभयो, त्यसविरुद्ध हामी निर्वाचन आयोगमा जान्छौं,' छलफलपछि कार्यसम्पादन समिति सदस्य जनकराज पाठकले भने ।

अध्यक्ष लिङ्देनले भने अझै कडा रूपमा प्रस्तुत हुने चेतावनी दिएका छन् । उनले भने, 'भोलि पनि त्यस्तो अवस्था आयो भने पदाधिकारीहरूमा हेरफेर हुन सक्छ । मैले मनोनीत गर्ने पदहरूमा हेरफेर हुन सक्छ । मनोनीत गरेको मान्छेले राम्रो काम गरेन भने हेरफेर गरिन्छ ।'



> मैले मनोनीत गर्ने पदहरूमा हेरफेर हुन सक्छ । राम्रो काम गरेन भने हटाइन्छ । पदाधिकारीहरूमा पनि हेरफेर हुन सक्छ ।
>
> ■ **राजेन्द्र लिङ्देन**
> अध्यक्ष, राप्रपा

> विधानले कसैमाथि कारबाही गर्नुपरे केन्द्रीय समिति बैठकमा अध्यक्षले कारबाहीको प्रस्ताव लानुपर्छ । त्यसो नगरी स्वेच्छचारी ढंगले अध्यक्षले कारबाही गर्नुभयो, त्यसविरुद्ध हामी निर्वाचन आयोगमा जान्छौं ।
>
> ■ **जनकराज पाठक**
> कार्यसम्पादन समिति सदस्य, राप्रपा

राप्रपाको उपाध्यक्षमा मनोनीत मुकुन्दश्याम गिरी, हेमजंग गुरु, दिलविकास राजभण्डारी र रवीन्द्र मिश्र छन् । निर्वाचित भएका उपाध्यक्षहरू बुद्धिमान तामाङ, विक्रम पाण्डे, रोशन पाण्डे र ध्रुवबहादुर प्रधान हुन् । महामन्त्रीमा शरदराज पाठक, प्रह्लाद शाह र राजेन्द्र गुरूङ मनोनीत हुन् । धवलशमशेर, कुन्ती शाही र भुवन पाठक निर्वाचित महामन्त्री हुन् । राप्रपाको सबै सहमहामन्त्री, सहायक महामन्त्री, पाँचै जना प्रवक्ता मनोनीत नै हुने प्रावधान छ । सोहीअनुसार यी पदहरूमा रहेका पदाधिकारी मनोनीत भएका हुन् ।

अध्यक्ष लिङ्देनको भनाइले त वरिष्ठ उपाध्यक्ष मिश्रसहित चार जना उपाध्यक्ष र तीन महामन्त्रीसँगै अन्य पदाधिकारीमाथि पनि कारबाहीको डण्डा चल्छ । लिङ्देनले 'हायर एण्ड फायर'को नीति अख्तियार गर्न लागेको देखिएको छ । यसप्रति जबरापक्षको फरक मत छ ।

जबरापक्षीय एक पदाधिकारीले भने, 'अध्यक्षले पदाधिकारीलाई आफ्नो सहयोगी ठानेँ । मनोनीत गरेपछि हटाउन पाइन्छ भन्ने बुझाइ उहाँको देखियो, त्यस्तो होइन, हामी त उहाँले मनोनीत गरे पनि पार्टीको पदाधिकारी हौं, उहाँको होइन ।'

लिङ्देनको अध्यक्षतामा गत बुधबार बसेको बैठकले अनुशासन आयोगको अध्यक्षमा उपाध्यक्ष रोशन कार्कीलाई मनोनीत गरेको अर्का प्रवक्ता मोहन श्रेष्ठले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । यसअघि लिङ्देनले पार्टीको संगठन विभाग प्रमुखबाट महामन्त्री डा. राणालाई हटाइदिएका थिए । उनको ठाउँमा वरिष्ठ उपाध्यक्ष बुद्धिमान तामाङलाई ल्याए । हरेक पार्टीको संगठन विभाग प्रमुख शक्तिशाली पद मानिन्छ । संगठनमा पकड जमाउन मिल्ने यो भूमिकाबाट अन्ततः लिङ्देनले राणालाई हटाए, तामाङलाई दिए । पछिल्ला दिनमा लावती र सुवेदी हटाइए । लिङ्देनको यस्तो कदमलाई राप्रपाको आगामी महाधिवेशनसँग जोडेर विश्लेषण गर्न थालिएको छ ।

आगामी मंसिरमा राप्रपा महाधिवेशन हुने भनिएको छ । अध्यक्ष लिङ्देन चुनावी माहोल बनाउन हालै पूर्वी पहाडी जिल्लामा पुगेका पनि थिए । यस्तोबेला पार्टीमा भिन्न विचार समूहको नेतृत्व गर्ने जबरापक्षमाथि लिङ्देनले धमाधम कारबाहीको डण्डा चलाइरहेको हो ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# १६ वर्षमा रोजगारीका लागि विदेसिए ८१ लाख ३६ हजार युवा

## भित्रियो १११ खर्ब ५२ अर्बभन्दा बढी रेमिट्यान्स

■ **ममता थापा**

**काठमाडौं–** पछिल्लो १६ वर्षमा रोजगारीका लागि ८१ लाख ३६ हजार युवा श्रमशक्ति मुलुकबाट बाहिरिएको पाइएको छ । आर्थिक वर्ष २०६५/६६ देखि आव २०८०/८१ सम्मको अवधिमा उक्त संख्यामा युवाहरू विदेसिएको वैदेशिक रोजगार विभागको तथ्यांकमा देखिन्छ । यसमा भारतमा रोजगारीका लागि जानेहरू समेटिएका छैनन् । भारतमा जान श्रम स्वीकृति लिनु नपर्ने भएकाले त्यहाँ काम गर्न जानेहरू यो तथ्यांकमा नसमेटिएका हुन् ।

उपरोक्त तथ्यांक संस्थागत, व्यक्तिगत र पुनः श्रम स्वीकृति लिएर जानेहरूको हो । यद्यपि, यसरी श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएकाहरूमध्ये कति फर्किए भन्ने तथ्यांक यहाँ उल्लेख गरिएको छैन । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार उक्त १६ वर्षको अवधिमा १११ खर्ब ५२ अर्ब रूपैयाँभन्दा बढी विप्रेषण (रेमिटयान्स) मुलुकमा भित्रिएको छ ।

वैदेशिक रोजगारीमा जानेको संख्या बढेसँगै उनीहरूले पठाउने विप्रेषण पनि बढेको देखिन्छ । आर्थिक वर्ष २०६५/६६ मा दुई लाख १९ हजार ९६५ जना रोजगारीमा गएका थिए । उक्त आवमा दुई खर्ब नौ अर्ब सात करोड रूपैयाँ रेमिटयान्स मुलुक भित्रिएको थियो । आव २०८०/८१ मा सात लाख ४१ हजार २९७ जना रोजगारीमा गएका थिए भने १४ खर्ब ४५ अर्ब रूपैयाँ विप्रेषण मुलुक भित्रिएको थियो ।




सरकारले अवैधानिक माध्यमबाट पैसा पठाउने प्रवृत्तिलाई नियन्त्रण गर्न विभिन्न नीतिहरू अवलम्बन गरेसँगै वैधानिक बाटोबाट रेमिटयान्स आउने क्रम बढ्दै गएको देखिन्छ । उदाहरणका लागि आव २०६९/७० मा छ लाख ११ हजार १५५ जना वैदेशिक रोजगारीमा गएका थिए र त्यस आवमा चार खर्ब ३४ अर्ब छ करोड रूपैयाँको हाराहारीमा मात्र रेमिटयान्स भित्रिएको थियो । तर त्यसको छ वर्षपछि आव २०७५/७६ मा पाँच लाख तीन हजार ८२८ जना रोजगारीमा जाँदा आठ खर्ब ७९ अर्बभन्दा बढी रेमिटयान्स भित्रिएको थियो । यो अवधिमा सबैभन्दा कम विप्रेषण २०६५/६६ मा दुई खर्ब नौ अर्ब रूपैयाँ भित्रिएको तथ्यांक छ । सबैभन्दा बढी आर्थिक वर्ष २०८०/८१ मा १४ खर्ब ४५ अर्ब रूपैयाँ भित्रिएको देखिन्छ । चालु आवको ११ महिनामै १५ खर्बभन्दा बढी रेमिटयान्स भित्रिइसकेको छ ।

आव २०६५/६६ यता रोजगारीमा जानेहरूको संख्या क्रमशः बढे पनि आव २०७५/७६ पछिका तीन आर्थिक वर्षमा भने निरन्तर घटेको थियो । त्यसअघि लगातार चारवटा आर्थिक वर्षमा रोजगारीमा जानेहरू छ लाखभन्दा बढी थिए । यसैगरी आव २०७५/७६ मा पाँच लाख तीन हजार ८२८, आव २०७६/७७ मा तीन लाख ६८ हजार ४३३ र २०७७/७८ मा १६ वर्षयताकै सबैभन्दा कम एक लाख ६६ हजार ६९८ जनामात्र रोजगारीमा गएका थिए । विश्वव्यापीरूपमा देखिएको कोरोना महामारीका कारण रोजगारीमा जानेहरूको संख्या अत्यन्तै न्यून देखिएको हो ।

महामारीपछि भने रोजगारीमा जाने क्रमले पुरानै लय समात्दै २०७९/८० मा अहिलेसम्मकै धेरै सात लाख ७१ हजार ३२७ जना श्रम स्वीकृति लिएर रोजगारीमा गएका थिए ।

क्रमशः पृष्ठ २ मा







# मल्ल राजालाई निमन्त्रणा

**ललितपुर–** ललितपुरमा सञ्चालन हुने ऐतिहासिक नृसिंह जात्राको प्रारम्भिक विधिका रूपमा फूल राखेर मल्ल राजालाई प्रतीकात्मक रूपमा निमन्त्रणा दिने कार्य सम्पन्न भएको छ । हरेक वर्ष स्वां तःवनेगु भनेर नृसिंह जात्रा सञ्चालन गर्न जिम्मा पाएको पालोवाला राजोपाध्यायको परिवारको अगुवाइमा गुरू पूर्णिमाका दिन ललितपुरका मल्ल राजालाई फूल, जनै, सुपारीलगायत राखेर प्रतीकात्मक रूपमा निमन्त्रणा दने गरिन्छ ।

हरेक वर्ष भाद्र कृष्ण पञ्चमीका दिन नृसिंह जात्रा सञ्चालन हुने गर्दछ भने यस वर्ष साउन २९ गते यो जात्रा सञ्चालन हुँदै छ । यस वर्षको जात्रा सञ्चालन गर्न जिम्मा गाःबहालको मधुर शर्मा राजोपाध्यायको परिवारले पाएको छ । यस वर्षको जात्राका लागि गएको बिहीबार गुरूपूर्णिमाका दिन उक्त कार्य भएको हो ।

वि.सं. १७४१ मा राजा भएका योगनरेन्द्र मल्ललाई आजसम्म पनि जीवित राजाका रूपमा मानिन्छ । दरबारको उपल्लो तलाको पश्चिमपट्टीको एक कोठाको झ्याल खुला राखी उनका लागि एउटा शयनकक्ष अद्यापि तयार नै राखिएको हुन्छ । वि.सं. २०४६ सम्म उनका लागि भनेर प्रत्येक बिहान तमाखु लिएर जाने गरिन्थ्यो । दरबार अगाडि रहेको योगनरेन्द्र मल्लको शालिकको टाउकामा एउटा चरा पनि छ । उनले आफू मर्ने बेलामा त्यो चरा उडेर नगएसम्म आफूलाई ज्युँदै छ भन्ठान्नु भनेका कारण अहिलेसम्म पनि योगनरेन्द्र जीवितै रहेको विश्वास गरिन्छ ।

सोही विश्वासमा ऐतिहासिक नृसिंह जात्राको प्रारम्भिक विधिका रूपमा मल्ल राजालाई पाटन दरबारको तुसाहिटीमा रहेको शिलाको शयचा अर्थात् खातमा निमन्त्रणा स्वरूप फूल राख्ने गरिन्छ । हाल गुथी संस्थान ललितपुरका प्रमुखको उपस्थितिमा फूल राख्ने गरिन्छ ।

मल्ल राजालाई निमन्त्रणा दिएपछि मात्र राष्ट्रपति, गुथिका थकालीहरू लगायतलाई जात्रामा सामेल हुन निमन्त्रणा दिने गरिन्छ । बिहीबार नै जात्रासँग सम्बन्धित गुथियार शीतल निवास पुगेर राष्ट्रपति रामचन्द्र पौडेललाई पनि साउन २९ गते हुने जात्रा अवलोकनका लागि निमन्त्रणा दिएको थियो ।

ललितपुरका राजोपाध्याय समुदायले उमेरको वरिष्ठताका आधारमा पालैपालो सबै व्यवस्थापनको जिम्मा लिएर नृसिंह जात्रा सञ्चालन गर्ने गर्दछ । यो जात्रा नेपाल सम्वत् ७५१ अर्थात् विक्रम सम्वत् १६८८ देखि निरन्तर सञ्चालन भइरहेको लिखित दस्तावेज छ । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### राप्रपामा...

लिङ्देनले शक्ति आर्जन गर्न खोजेको टिप्पणी पनि हुने गरेको छ । किनभने दुवै पक्ष एकअर्कालाई कमजोर बनाउने रणनीतिमा देखिएका छन् । अध्यक्षका लागि अहिले अध्यक्ष लिङ्देन दोहोरिने पक्षमा रहेका छन् । अनि, उनको विकल्पमा उपाध्यक्ष विक्रम पाण्डे र महामन्त्री जबरा देखिएका छन् । उनीहरूले पार्टी संगठनमा त्यही लक्ष्यका साथ लगानी बढाएका छन् ।

यता धवलको चाहना अध्यक्षमा छ वा पाण्डेलाई साथ दिन्छन् भन्नेचाहिँ प्रस्ट नभइसकेको राप्रपा नेताहरूको भनाइ छ । राप्रपा स्रोतका अनुसार राणाको संगठनमा पकड नभएका कारण लिङ्देनको विपक्षी टिममा उभिने सम्भावना छ । त्यो भने पाण्डेलाई साथ दिने देखिन्छ । पाण्डेलाई नेता प्रकाशचन्द्र लोहनीले पनि साथ दिने देखिएको छ । तर, पशुपति शमशेर राणा भने कता खुल्छन् भन्ने अहिलेसम्म प्रस्ट भइसकेको छैन । तर, उनी लिङ्देनलाई साथ दिँदै आएका छन् ।

लोहनी र राणाले अघिल्लो महाधिवेशनमा लिङ्देनलाई साथ दिएका थिए । मन्त्री हुन नपाएपछि लोहनी र राणा लिङ्देनसँग बिच्किएका छन् । पार्टीको कार्यसमिति सदस्यहरूले लोहनीको सट्टा पशुपतिशमशेर राणालाई समानुपापतिकको बन्द सूचीको एक नम्बरमा पार्ने निर्णय लिए, जसले गर्दा लोहनी अध्यक्ष लिङ्देनसँग टाढिएका थिए ।

यसरी, शक्ति संघर्षमा रहेका बेलामा सुवेदीलाई अनुशासन आयोगबाट हटाउने निर्णय लिङ्देनका लागि जोखिमपूर्ण छ ।

■■■

### राष्ट्रपति...

'सार्वजनिक पदाधिकारीले तत्काल वा भविष्यमा आफू वा अन्य कसैलाई कुनै किसिमको लाभ प्राप्त गर्ने मनसायले विदेशी सरकारी, गैरसरकारी वा सार्वजनिक पदाधिकारीसँग अनधिकृत पत्राचार वा भेटघाट गर्न वा लाभ प्राप्त गर्न हुँदैन, 'विधेयकको दफा १० को उपदफा १ मा भनिएको छ । कसैले कुनै काम गरी कुनै नगद वा जिन्सी लाभ लिए त्यस्तो नगद भए नगदबराबर र जिन्सी भए जिन्सी वस्तुको मूल्यबराबरको रकम जरिबाना गरी त्यस्तो नगद वा जिन्सीसमेत जफत व्यवस्था प्रस्तावित विधेयकमा छ ।

विधेयकमा विदेशी सहयोग पनि लिन नहुने उल्लेख छ । कसैले यसविपरीतको कार्य गरेमा त्यस्तो कार्य स्वतः रद्द हुने छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सुझावका लागि वेबसाइटमा राखेको विधेयकमा प्राप्त सुझावसमेतका आधारमा आवश्यक परिमार्जन गरेर मन्त्रिपरिषद्मा लैजान्छ । मन्त्रिपरिषद्ले स्वीकृत गरेपछि मात्रै संसद्मा दर्ता गरिन्छ । त्यसपछि विधेयकलाई संसदीय समितिमा दफावार छलफल हुन्छ । समितिले छलफलपछि प्रतिवेदनसहित फेरि संसद्मा पेस गरेर पारित गर्ने गरिन्छ ।

विधेयक पारित दुवै सदनबाट हुनुपर्छ । त्यसपछि राष्ट्रपतिकहाँ प्रमाणीकरणका लागि पठाइन्छ । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि विधेयक ऐनमा रूपान्तरण हुन्छ ।

■■■

### १६ वर्षमा...

त्यसपछि २०८०/८१ मा करिब ३० हजारले घटेको यो संख्या चालु आर्थिक वर्षमा फेरि बढेको छ । यस आर्थिक वर्षको ११ महिनामै सात लाख ६० हजारभन्दा बढीले श्रम स्वीकृति लिएर विदेसिएको वैदेशिक रोजगार विभागको तथ्यांक छ ।

यस अवधिमा रोजगारीमा गएकामध्ये १३ हजार २९९ जनाको ज्यान गएको देखिन्छ । सबैभन्दा बढी आव २०७८/७९ मा एक हजार ४७९ जनाको मृत्यु हुँदा सबैभन्दा कम २०६५/६६ मा ७८ जनाको मृत्यु भएको थियो । यसबीचमा कूल तीन हजार ५७ जना घाइते र बिरामी भएका छन् । सबैभन्दा बढी घाइते र बिरामी अघिल्लो आव २०८०/८१ मा ६५३ जना भएका थिए भने सबैभन्दा कम २०६५/६६ मा आठ जना थिए ।

विगतमा रोजगारीमा व्यक्तिगत र संस्थागत माध्यमबाट जानेहरू अधिकांश छ वटा खाडी मुलुक र मलेसिया जाने गर्थे । रोजगारीमा जानेको संख्या बढेसँगै नयाँ श्रम गन्तव्यतर्फ पनि आकर्षण बढेको पाइन्छ । आर्थिक वर्ष ०६९/७० को तथ्यांक हेर्दा जम्मा १५ हजार ९६७ जनाले व्यक्तिगत श्रम स्वीकृति लिएर रोजगारीमा गएका थिए । जसमध्ये १३ हजार ७६८ जना खाडी मुलुक र मलेसिया जानेहरू थिए । गत आर्थिक वर्षमा ९५ हजार ३८ जना व्यक्तिगत श्रम स्वीकृति लिएर रोजगारीमा गएकामा यी सातवटा मुलुकमा जानेको संख्या ३० हजार ६४६ थियो । खाडी मुलुक र मलेसियाबाहेकका मुलुकमा जान ६४ हजार ३९२ जनाले श्रम स्वीकृति लिएका तथ्यांकमा देखिन्छ ।

# भक्तपुर पूर्णखोप सुनिश्चित जिल्ला घोषणा

**भक्तपुर (प्रस)–** भक्तपुरलाई पूर्णखोप सुनिश्चित घोषणा गरिएको छ । शनिबार सूर्यविनायकमा खोप जिल्ला समन्वय समितिले आयोजना गरेको घोषणा कार्यक्रममा बागमती प्रदेश सरकारका स्वास्थ्यमन्त्री किरण थापाले भक्तपुर जिल्लालाई पूर्णखोप सुनिश्चित जिल्ला घोषणा गरेका हुन् ।

स्वास्थ्यमन्त्री थापाले भक्तपुर जिल्लालाई पूर्णखोप सूनिश्चितता तथा दिगोपनाको प्रमाणपत्र हस्तान्तरण गरे । यसअघि जिल्लाको चारवटै स्थानीय तह पूर्णखोप सूनिश्चित घोषणा गरिएको थियो । उनले मुख्यमन्त्री स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन घरदैलोमै अब नसर्ने रोगको पहिचानका लागि स्वास्थ्यकर्मीसहितको स्वयंसेविकाको टोली परिचालन गरिने बताए ।

मन्त्री थापाले भने, 'मुख्यमन्त्री स्वास्थ्य कार्यक्रम सोचेअनुसार प्रभावकारी हुन सकेन, त्यसैले नसर्ने रोगको निवारणका लागि रोग पहिचान गर्ने उद्देश्यले स्वास्थ्यकर्मीसहित स्वयंसेवक परिचालन गरेर घरदैलोमै पुगेर स्वास्थ्य परीक्षण गर्नेछौं । त्यसबापत स्वयंसेविकाहरूलाई पारिश्रमिकको व्यवस्था र एक हजार सञ्चारखर्चको व्यवस्था गरेका छौं ।'

उनले भक्तपुर अस्पताल र हेटौंडा अस्पताललाई टेलिमेडिसिन हब बनाएर २४सै घण्टा सेवा सञ्चालन गर्नेगरी प्रदेश स्वास्थ्य मन्त्रालयले व्यवस्था गरेको बताउँदै प्रदेशस्तरीय अस्पतालको स्तरोन्नति, जनशक्ति थप र उपकरणहरूको वितरणलाई मन्त्रालयले प्रभावकारी रूपमा अगाडि बनाएको उल्लेख गरे । योग सिकाउने प्रशिक्षकले पनि अब प्रदेशको तालिम लिएर प्रमाण लिएपछि मात्रै गुरु बन्न पाउने व्यवस्था गरेको बताउँदै उनले भौतिक पूर्वाधार मन्त्रालय, खानेपानी मन्त्रालय, वन मन्त्रालय, कृषिलगायत मन्त्रालयको कार्यक्रममा पनि स्वास्थ्यलाई जोडेर लैजाने उनले बताए ।

प्रदेश सरकारले पनि एमडी र एमबिबिएसको पढाइ सुरु गरेको बताउँदै उनले भक्तपुर अस्पताललगायत प्रदेश अस्पताल भवन, अधुरो स्वास्थ्य चौकीका भवनलाई पूर्णता दिनगरी बजेटको व्यवस्थापन गरेको बताए ।

कार्यक्रममा बागमती प्रदेश स्वास्थ्य मन्त्रालयकी सचिव डा. सुमित्रा गौतमले खोप सुनिश्चितलाई दिगोपन बनाउन चुनौती रहेको उल्लेख गर्दै कोही पनि खोपबाट छुट्न नहुने बताइन् । खोप प्रभावकारी हुँदा बालमृत्युदर हरेक वर्ष कम हुँदै गएको बताउँदै उनले नियमित खोप कार्यक्रमको प्रभावकारीले ८० प्रतिशत बाल मृत्युदर घटेको जानकारी दिइन् ।

बागमती प्रदेशसभा सदस्य सुरेश श्रेष्ठ, धनेश्वरी प्रजापति, प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, खोप महाशाखा प्रमुख डा. अभियान गौतमलगायतले खोप कार्यक्रमलाई आगामी दिनमा पनि प्रभावकारी बनाएर लैजानुपर्ने बताए । जिल्ला जनस्वास्थ्य कार्यालयकी प्रमुख अञ्जना खड्काले घरघरमा गएर खोप सुनिश्चितता गरेर शून्यमा झारेको बताउँदै भक्तपुरमा कोही पनि बालबालिका खोपबाट वञ्चित हुन नपरेको बताइन् । उनले आगामी दिनमा पनि खोप कार्यक्रमलाई प्रभावकारी बनाउने र कोही पनि खोपबाट वञ्चित हुन नपर्ने गरी दिगोपना दिइने बताइन् ।

# वैदेशिक रोजगारीको नाममा ठगी गर्ने दुई जना पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी अल्बानिया पठाइदिन्छु भन्दै ठगी गरेको अभियोगमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-७ बस्ने उदयपुर त्रियुगा नगरपालिका-९ घर भएकी ३५ वर्षीया विमला दनुवार र काठमाडौं नागार्जुन नगरपालिका-१ बस्ने कास्की पोखरा महानगरपालिका-२६ घर भएकी ४८ वर्षीया रामकुमारी रोक्का मगर रहेका नेपाल प्रहरी प्रधान कार्यालय समाचार कक्षले जनाएको छ ।

दनुवारले चार जनाबाट आठ लाख रूपैयाँ र रोका मगरले दुई जनाबाट दुई लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने उजुरीका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरी टोलीले बिहीबार दुवै जनालाई पक्राउ गरेको हो ।

उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले जनाएको छ ।


**नाम परिवर्तन सम्बन्धि सूचना**

तेस्रो पटक प्रकाशित मिति: २०८२/०३/२९

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/१२/२२ बमोजिम यस सर्लाही नेटवर्क क्म्यूनिकेशन प्रा.लि को साविकको नाम परिवर्तन भई स्पार्कलाईन सोलुसन प्रा.लि. भएको जानकारी गराउँदछु ।

**बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/०३/२९

यस नवबेताल सा.व.उ.स. मरिण गा.पा. ३, सिन्धुलीबाट आ.व. २०८१/०८२ मा उत्पादन भई ढोका दोभान, मरिण गा.पा. ३, सिन्धुलीमा घाटगद्दि गरी राखिएको लट नं. १ को साल र असना जातको गोलिया थान १०३ को ११६३.९२ क्यू.फि गोलिया काठ र दाउरा १.०० चट्टा व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री नवबेताल सा.व.उ.स.**
**मरिण गा.पा.- ३, सिन्धुली**

**बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/०३/२९

यस नव ढोका सा.व.उ.स. मरिण गा.पा. ३, सिन्धुलीबाट आ.व. २०८१/०८२ मा उत्पादन भई ढोका दोभान, मरिण गा.पा. ३, सिन्धुलीमा घाटगद्दि गरी राखिएको लट नं. १ को साल र असना जातको गोलिया थान १०७ को १२५४.४४ क्यू.फि गोलिया काठ र दाउरा १.०० चट्टा व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री नव ढोका सा.व.उ.स.**
**मरिण गा.पा.- ३, सिन्धुली**


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


आइतबार, २९ असार, २०८२

| | |
|---|---|
| **मेष** | रमाइलो यात्राको योग छ । |
| **वृष** | आर्थिक पक्ष सबल रहनेछ । |
| **मिथुन** | काम गर्दा सकारात्मक उर्जा प्राप्त हुनेछ । |
| **कर्कट** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **सिंह** | रोकिएका काम सम्पादन हुनेछ । |
| **कन्या** | मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **तुला** | सोचेको उपलब्धि  प्राप्त हुनेछ । |
| **वृश्चिक** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **धनु** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **मकर** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **कुम्भ** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **मीन** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२९ असार , २०८२ (१३ जुलाई, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.७८ | १३७.३८ |
| युरो | १ को | १६०.०८ | १६०.७८ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.८४ | १८६.६६ |
| स्विस फ्रैन्क | १ को | १७१.६८ | १७२.४४ |
| अस्ट्रेलियन डलर | १ को | ८९.२२ | ८९.६१ |
| क्यानाडियन डलर | १ को | ९९.८६ | १००.३० |
| सिङ्गापुर डलर | १ को | १०६.७६ | १०७.२३ |
| जापानी येन | १० को | ९.३३ | ९.३७ |
| चिनियाँ युआन | १ को | १९.०५ | १९.१३ |
| साउदी अरब रियाल | १ को | ३६.४७ | ३६.६३ |
| कतारी रियाल | १ को | ३७.५३ | ३७.६९ |
| थाई भाट | ख १ को | ४.१८ | ४.२० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.२४ | ३७.४० |
| मलेसियन रिङ्गेट | १ को | ३२.१८ | ३२.३२ |
| दक्षिण कोरियन वन | १०० को | ९.९४ | ९.९८ |
| स्विडिस क्रोनर | १ को | १४.३५ | १४.४१ |
| डेनिस क्रोनर | १ को | २१.४५ | २१.५५ |
| हङकङ डलर | १ को | १७.४२ | १७.५० |
| कुवेती दिनार | १ को | ४४७.८६ | ४४९.८२ |
| बहराइन दिनार | १ को | ३६२.८५ | ३६४.४५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



सुर्खेतको लेकवेसी नगरपालिका–१०, झुप्राखोलामा बसेका घुमन्ते जीवन बिताइरहेका राउटे समुदाय । लोपोन्मुख राउटे समुदाय दैलेख, सुर्खेत, दाङ, सल्यान, अछाम, कालीकोट, जाजरकोटलगायत जिल्लामा बसोबासका लागि डुलिरहन्छन् । *तस्बिरः सुरेश आचार्य/रासस*

# चन्द्रागिरिका तीन वडा पहिरोको उच्च जोखिममा

**काठमाडौं (प्रस)**– वर्षा लागेसँगै चन्द्रागिरि नगरपालिकाका दर्जनौं स्थान पहिराको जोखिममा परेका छन् । यस वर्षको वर्षामा चन्द्रागिरि-१, २ र ३ पहिरोको उच्च जोखिममा परेका छन् भने गत वर्ष असोजमा आएको अविरल वर्षाले पहिरो गएका वडा नं १, २, ३, ५ र ९ का केही स्थान पुनः जोखिममा परेका हुन् ।

यसअघि पहिरोको समस्या नदेखिएका कतिपय स्थानमा यसपटक पहिरो गई जनधनको क्षति हुने देखिएको नगरपालिकाको व्यवस्थापन शाखा प्रमुख भद्रा अर्यालले बताए । उच्च जोखिम मानिएका तीन वटा वडामध्ये वडा नं २ बढी उच्च जोखिममा छ । गत वर्ष सोही स्थानमा पहिराका कारण घरहरू पुरिनुका साथै दुई जनाको मृत्युसमेत भएको थियो ।



'नगरका २०० स्थानमा पहिरो रोकथामका लागि प्लास्टिक पठाइएको छ,' अर्यालले भने । वडा नं १ का वडाध्यक्ष हरि मगरले वडाको खहरे, भट्टेडाँडा र गणेश मन्दिर वरिपरिको क्षेत्र उच्च जोखिममा रहेको जानकारी दिए । खासगरी विकास निर्माणका क्रममा डोजर लागेका स्थानमा पहिरो जाने, भू-क्षयलगायतको समस्या देखिएको उनले बताए ।

आफ्नो घर पहिरोले लड्न लागेकाले बचाइदिन आग्रह गर्दै नगरपालिका आएकी वडा नम्बर २ की अम्बिका सञ्जेलले विकास गर्ने भन्दै जमिनमा जथाभावी डोजर चलाउने र वर्षा अगाडि निर्माण नगरिदिँदा पहिरो जाने गरेको बताए । वडा नं ५ स्थित राधाकृष्ण टोलमा झण्डै १०० मिटर बाटोको भाग खोलामा खसेको छ । नजिकै कवर्ड हल बनाउँदा माटो खोस्रिएका कारण त्यहाँ पहिरो गएको स्थानीयले बताएका छन् ।

वडा नं ९ स्थित शान्ति स्तूपाका कारण कीर्तिपुर नगरपालिकातर्फ गएको पहिरोको हालसम्म पनि व्यवस्थापन भएको छैन । जोखिम न्यूनीकरणका प्रारम्भिक काम भए पनि दीर्घकालीन समाधानका लागि बायो इञ्जिनियर गर्नुपर्ने भएकाले केही समय लाग्ने अर्यालले जानकारी दिए । वडा नं ८ का केही भाग पनि पहिराको उच्च जोखिममा रहेका उनले बताए ।

नगरपालिकाका प्रमुख घनश्याम गिरीले यस वर्ष आकस्मिक विपद् व्यवस्थापनका लागि तीन करोड रूपैयाँ बजेट व्यवस्था गरिएको जानकारी दिए । दीर्घकालीन समाधानका लागि भिरालो जमिनमा वृक्षरोपण र जोखिमयुक्त स्थानमा बायो इञ्जिनिरिङ गर्न खोजिएको उनले बताए । 'जथाभावी डोजर चलाउँदा पहिरोको जोखिम बढेकाले आगामी दिनमा प्राविधिक जाँचका आधारमा मात्र अनुमति दिइने छ,' उनले भने ।

# 'लोकतन्त्रको विकल्पमा अरू कुनै व्यवस्था छैन'

**भक्तपुर (प्रस)**– सभामुख देवराज घिमिरेले लोकतन्त्रको विकल्पमा अरू कुनै व्यवस्था नभएको बताएका छन् । शनिबार नेकपा एमालेका केन्द्रीय सदस्य सोमप्रसाद मिश्रको 'शक्ति राष्ट्रहरूका राजनीतिक दलहरू- तुलनात्मक अध्ययन' पुस्तक सार्वजनिक गर्दै उनले यस्तो बताएका हुन् ।

विश्वका विभिन्न राजनीतिक संरचनामध्ये गणतन्त्रात्मक लोकतान्त्रिक व्यवस्था सबैभन्दा उत्कृष्ट भएकाले यसको विकल्प नभएको स्पष्ट सभामुख घिमिरेको भनाइ थियो । गणतान्त्रिक व्यवस्थाको सफल कार्यान्वयनका लागि संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको भूमिका महत्त्वपूर्ण हुने चर्चा गर्दै उनले लोकतान्त्रिक



गणतन्त्रलाई बलियो बनाउनु संसदीय दल र नेताहरूको कर्तव्य भएको बताए ।

जनताले महसुस गर्नेगरी सेवा प्रवाह गर्न राजनीतिक दलहरूले व्यवस्था सुदृढ गर्नुपर्ने बताउँदै उनले मानव जातिलाई प्रगतिको पथमा लैजान र वर्तमान व्यवस्थालाई बलियो बनाउनुपर्नेमा जोड दिए ।

त्यस अवसरमा नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियार, एमाले नेता योगेश भट्टराई, वाग्मती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापा, कांग्रेस नेता दुर्लभ थापा र जिल्ला समन्वय समितिका प्रमुख ईश्वर थापाले पुस्तकका विविध पक्षबारे समीक्षा गरेका थिए ।

## 'कानुनबमोजिम सबैले नागरिकता पाउनुपर्छ'

**काठमाडौं (प्रस)**– आमाको नामबाट नागरिकता पाउनेगरी नेपाल नागरिकता दोस्रो संशोधन विधेयक प्रतिनिधिसभाबाट पास भएपछि नागरिकताविहीन संघर्ष समितिले गृहमन्त्री रमेश लेखकसँग भेट गरेको छ ।

समितिका अध्यक्ष इन्द्रजीत साफीलगायत पदाधिकारीको टोलीले शनिबार गृहमन्त्री लेखकलाई भेटेर आमाका नामबाट नागरिकता दिने व्यवस्थासहित नागरिकता ऐन संशोधन विधेयक पारित भएकामा गृहमन्त्रीलाई धन्यवाद दिएको छ ।

'नेपालको संविधानअनुसार सबैले नागरिकता पाउनुपर्छ, कानुनको अभावमा कसैले त्यो नपाएको भए वाधक कानुन परिमार्जन गर्नेगरी छलफल गर्नुपर्छ,' गृहमन्त्री लेखकले भने ।

# त्रिवि शिक्षण अस्पतालको आकस्मिक कक्षमा थपिए १५ शय्या

**काठमाडौं (प्रस)**– त्रिवि शिक्षण अस्पतालले स्वास्थ्य सेवालाई थप प्रभावकारी र गुणस्तरीय बनाउन नयाँ सुविधासहित सेवा सञ्चालनमा ल्याएको छ ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले शनिबार अस्पतालमा १५ शयचासहितको आकस्मिक कक्ष 'ग्रिन एरिया वार्ड' र आधुनिक प्रविधिसहितको 'थ्री टेस्ला एमआरआई' सेवा उद्घाटन गरे । त्यस अवसरमा उनले शिक्षण अस्पतालको यस पहलले स्वास्थ्य क्षेत्रको प्रभावकारिताका लागि थप योगदान गर्ने विश्वास व्यक्त गरे ।



मन्त्री पौडेलले भने, 'थपिएको सेवाले धेरै नागरिकलाई सुपथ र सुलभ सेवा प्राप्त गर्न सहज हुने छ । आगामी दिनमा सेवा विस्तार र अस्पतालको आधुनिकीकरण प्रयासमा मन्त्रालयको सहयोग रहने छ ।'

अस्पतालका निर्देशक प्रा.डा. सुवास आचार्यले मन्त्रालयको सहयोगमा आधुनिक एमआरआई मेसिन प्राप्त भएको र अब बिरामीले महँगो शुल्क तिरेर अन्यत्र धाउनुपर्ने बाध्यता नरहने बताए । बिरामीको संख्या अधिक हुने भए पनि आकस्मिक कक्षमा शयचा अभाव हुँदा एकै 'बेड'मा दुई जनासम्म भर्ना गर्नुपर्ने अवस्था रहेकामा अब उक्त समस्या समाधानमा पनि योगदान पुग्ने उनको भनाइ थियो ।

# वैज्ञानिक प्रणाली अवलम्बन गरी वन क्षेत्रका चुनौती सामना गर्नुपर्नेमा जोड

**पाटन (ललितपुर)**– दिगो वन व्यवस्थापन र संरक्षणका लागि वैज्ञानिक प्रणाली अवलम्बन गरी वन क्षेत्रका चुनौती सामना गर्नुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन् ।

'दिगो वन र एकीकृत जलाधार, स्वच्छ र समृद्ध प्रदेशको आधार' भन्ने नाराका साथ शनिबार ललितपुरको गोदावरीमा भएको 'वन तथा वातावरणविज्ञ प्रादेशिक सम्मेलन, २०८२' मा सरोकार भएकाहरूले वन व्यवस्थापनका लागि सबै गम्भीर बन्नुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रममा बागमती प्रदेशका प्रमुख सचिव भूपाल बरालले संघीयताको मर्मअनुसार प्रदेशले अधिकार पाएको उल्लेख गर्दै वनलाई समृद्धिसँग जोड्नेगरी काम गरिनुपर्ने धारणा राखे । 'वन अतिक्रमण बढ्दै छ, यसको मुख्य समस्या पहिचान गरी काम गरौं । सानो लगानीले ठूला पहाडमा हुने समस्या रोक्न सकिँदैन । त्यसैले भूसंरक्षणमा वैज्ञानिक प्रणाली अपनाउन अपरिहार्य छ । अतिक्रमण, वन डढेलोलगायत समस्या समाधान गर्नेगरी विज्ञ सम्मेलनमा गम्भीर छलफल हुने अपेक्षा छ,' उनले भने ।

प्रमुख सचिव बरालले वातावरणीय अध्ययन प्रतिवेदनको विधि, पद्धति र कार्यशैलीलाई पनि परिवर्तन गर्ने आवश्यकता औंल्याउँदै विकास साझेदार र नेतृत्वलाई पनि यसको महत्त्व बुझाउनुपर्नेमा जोड दिए । प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष गंगादत्त नेपालले वनलाई जिडिपी र आयआर्जनभन्दा पनि संरक्षण र जलवायु परिवर्तनका असर न्यूनीकरण गर्ने आधारका रूपमा हेरिनुपर्ने बताए । वातावरण प्रदूषणलाई लामो समयसम्म नियन्त्रणमा राख्न नसकिए तापक्रम बढ्न गई विपत्ति बढ्ने भन्दै उनले भूसंरक्षणलगायत क्षेत्रलाई प्राथमिकता राख्न आग्रह गरे । वन तथा वातावरण संरक्षण, अध्ययन अनुसन्धान र नवप्रवर्तनका क्षेत्रमा विश्वका विभिन्न देशका राम्रा अभ्यास र प्रयासलाई पनि ध्यान दिएर काम गर्नुपर्ने उपाध्यक्ष नेपालको भनाइ थियो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव रितेशकुमार शाक्यले उपयोगभन्दा पनि संरक्षण नै वन क्षेत्रको प्राथमिकता भएको बताए । उनले विकासको सोच र आवश्यकतासँगै वन संरक्षण, भूवनोट र विविधतालाई व्यवस्थापन गर्दै अगाडि बढ्नुपर्छ भने ।

संघीय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका महानिर्देशक राजेन्द्र केसीले पहिलोपटक आयोजना भएको विज्ञ सम्मेलनका निष्कर्ष दिगो वन व्यवस्थापनलाई फलदायी बनाउन उपयोगी हुने भन्दै सोहीअनुसार छलफलको अपेक्षा गरे । उनले पछिल्लो समय सामुदायिक वन अभियान सुस्ताएको भन्दै यसलाई थप क्रियाशील बनाउन आग्रह गरे । संघीय, वन तथा वातावरण मन्त्रालयका सहसचिव शिवकुमार वाग्लेले विज्ञ सम्मेलनले वन तथा वातावरणको क्षेत्रमा बाग्मती प्रदेशलाई उत्कृष्ट प्रदेशका रूपमा विकास गर्ने विश्वास व्यक्त गरे ।

बाग्मती प्रदेश, वन तथा वातावरण मन्त्रालयका सचिव डा. केदार बरालले प्रदेशभित्र चार हजार ५३४ वटा समुदायिक वन, ५३ प्रतिशत वन क्षेत्र र पाँचवटा संरक्षित क्षेत्र रहेको जानकारी दिए । प्रदेश वन तथा वातावरण ऐनले व्यवस्था गरेअनुसार दिगो वन व्यवस्थापन प्रणाली लागू गरेर राजस्व र आम्दानीको सिर्जना तथा प्रकृतिमा आधारित समाधान पद्धति लागू गरिएको उनले बताए । *रासस*


**युएइमा रोजगार** — कम्पनी : LANDMARK RETAIL INVESTMENT CO. L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०३/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२७ | LT. No. 306436 | चलानी नं. ६०२२२२४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bags Sales | 2 | 1 | 1410 | ३७,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Children Clothes Sales | 4 | 1 | 1410 | ३७,३२० | | | | | | | |
| 3 | Clothes Sales Assistant | 2 | 3 | 1410 | ३७,३२० | | | | | | | |
| 4 | Footwear Sales Assistant | 0 | 6 | 1410 | ३७,३२० | | | | | | | |
| 5 | Packing And Packaging Worker | 3 | 0 | 1410 | ३७,३२० | | | | | | | |
| 6 | Readymade Clothes Sales | 3 | 4 | 1410 | ३७,३२० | | | | | | | |
| 7 | Sales | 0 | 1 | 1410 | ३७,३२० | | | | | | | |
| 8 | Sales Rep | 10 | 6 | 1410 | ३७,३२० | | | | | | | |
| 9 | Sales Sup | 4 | 4 | 1410 | ३७,३२० | | | | | | | |
| 10 | Shoes Sales | 1 | 3 | 1410 | ३७,३२० | | | | | | | |
| 11 | Shop Assistant | 1 | 3 | 1410 | ३७,३२० | | | | | | | |
| 12 | Shop Store Worker | 5 | 2 | 1410 | ३७,३२० | | | | | | | |
| 13 | Stationery Sales. | 3 | 2 | 1410 | ३७,३२० | | | | | | | |
| 14 | Video Films And Tapes Sales | 3 | 3 | 1410 | ३७,३२० | | | | | | | |
| 15 | Women Clothes Sales | 0 | 1 | 1410 | ३७,३२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन ४ गते (20th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**LIONS INTERNATIONAL NEPAL PVT. LTD.**
Lainchour, Ktm Nepal. Tel: +977 1 4544333/4544642/4512587, Email ID: lions.manpower@gmail.com, lions@mail.com
Govt. License 340/059/060



**बेलबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेलबारी, मोरङ**

**विज्ञापन प्रकाशनका लागि विद्युतीय माध्यमद्वारा दरभाउपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०३/२९ गते**

बेलबारी नगरपालिकाबाट आ.व.२०८२/८३ मा आवश्यक पर्न सक्ने राष्ट्रियस्तरबाट प्रकासित हुने 'क' वर्गको राष्ट्रिय दैनिक पत्रिका बेललबारी नगरपालिका सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने भएकाले ईजाजत प्राप्त इच्छुक कम्पनी/फर्महरूले रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएकोछ ।

**तपसिल**

| सि. नं. | दरभाउपत्रको नाम | ठेक्का नं. | दरभाउपत्र दस्तुर रकम रु. | बैंक जमान्तर रकम रु. | दरभाउपत्र पेस गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| १. | Procurement of advertising Agency Service for Notice Publication in the National Daily News Paper 2082/83 | BM/MOR/G/SQ-01-2082/83 | १,०००/- | २३,४००/- | मिति २०८२।०४।१२ गते दिनको १२:०० बजेसम्म | मिति २०८२।०४।१२ गते दिनको २:०० बजे |

**नोट** : विस्तृत विवरण लागि बेलबारी नगरपालिकाको वेवसाइट https://belbarimun.gov.np/मा हेर्न सकिने छ । https://bolpatra.gov.np/egp बाट मात्र दरभाउपत्र पेश गर्नुपर्नेछ । आंशिक वा पूर्ण रूपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार नपामा हुनेछ । अन्य विषय सम्बद्ध कानुन बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## अनैतिक कार्य रोक्ने हतियार बनोस् 'नैतिक संहिता'

मुलुकबाट दैनिक हजारौं यात्रु बाहिरिने र मुलुक भित्रिने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बेलाबेला चर्चामा आइरहन्छ । कहिले सुनलगायत अवैध सामानको तस्करी, कहिले मानव तस्करी त कहिले 'सेटिङ' तथा अध्यागमन कर्मचारीको रुखो बोलीवचन र व्यवहार । कर्मचारीबाट यात्रुलाई अनावश्यक दुःख दिने प्रवृत्तिले मुलुकको छवि नै धमिल्याउने काम गरेको थियो । पछिल्लोपटक सेटिङ गरेर भिजिट भिसामा मानव तस्करीको घटनामा अध्यागन कार्यालयका प्रमुख नै अख्तियारको फन्दामा परेपछि मुलुकको राजनीति नै तरंगित बनाएको छ । उक्त प्रकरणको कनेक्सन गृह मन्त्रालयसम्म जोडिएपछि प्रतिपक्षी दलहरूले लामो समय संसद् चल्न दिएनन् । प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले सत्तापक्षसँग सम्झौता गरे पनि राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी सोही मुद्दालाई लिएर अझै संसद् बैठक बहिस्कारमा उत्रिरहेका छन् ।

यही घट्नाबाट पाठ सिकेर हुनुपर्छ, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयले आफ्ना कर्मचारीका लागि शुक्रबारदेखि नैतिक संहिता लागू गरेको छ । अध्यागमन सेवालाई प्रभावकारी बनाउने उद्देश्यले नैतिक संहिता बनाई लागू गरिएको बताइएको छ । अध्यागमन प्रशासनसँग सम्बन्धित अन्तर्राष्ट्रिय मूल्य, मान्यता तथा सिद्धान्तअनुरूप कर्मचारीलाई विद्यमान राष्ट्रिय कानुन, सामाजिक तथा सांस्कृतिक मूल्यप्रति जिम्मेवार र संवेदनशील बनाई कर्मचारीको असल व्यक्तिगत, पदीय एवं पेसागत आचरणका साथै व्यवहारका माध्यमबाट आमनागरिकले अनुभूति गर्नेगरी सेवा प्रवाहलाई छिटोछरितो, निष्पक्ष, पारदर्शी, वस्तुनिष्ठ, अनुमानयोग्य र नतिजामूलक बनाउन आचारसंहिता लागू गरिएको कार्यालयको भनाइ छ ।

कार्यालयले जारी गरेको संहिताअनुसार अब अध्यागमन कर्मचारीले प्रस्थान गर्ने यात्रुलाई कम्तीमा शुभयात्रा (ह्याब अ नाइस जर्नी) भन्ने, नेपालभित्र प्रवेश गर्नेलाई कम्तीमा नेपालमा स्वागत छ (वेलकम इन नेपाल) भन्नुपर्ने छ । साथै, कम र आवश्यक प्रश्नमात्र गर्ने नैतिक संहितामा उल्लेख छ । खाडी मुलुकहरूमा श्रम/काम गर्न प्रस्थान गर्दा सम्मानयुक्त शब्दहरू प्रयोग गर्ने, रूखो व्यवहार नगर्ने, बोलीवचनमा मिठासपना दिने, देशको मुहार झल्कने ठाउँ भएकाले पर्यटकहरूसँग बोलीवचन र हाउभाउले आत्मीयता प्रदान गर्नेलगायत विषयहरू उल्लेख गरिएका छन् ।

उक्त नैतिक संहिताअनुरूपको व्यवहार देखिएको/नदेखिएको यात्रुहरूले तत्कालै व्यक्त गर्न हाल कार्यालयको १५ वटा कक्षमा आफूले प्राप्त गरेको सेवाको सन्तुष्टि व्यक्त गर्नेगरी सर्वेक्षणको पनि व्यवस्था गरिएको कार्यालयले जनाएको छ । सर्वेक्षणमा स्वेच्छिक रूपमा आफूले प्राप्त गरेको सेवा तथा व्यवहारका विषयमा राय व्यक्त गर्न सकिनेगरी आवश्यक व्यवस्था मिलाइएको विभागले शुक्रबार सूचना जारी गरी जानकारी गराएको छ ।

अध्यागमन कार्यालयको यो संहिता साँच्चै व्यवहारमा लागू होला त ? यो हेर्न बाँकी नै छ । यद्यपि, कार्यालयको यो प्रयासबाट अन्तर्राष्ट्रिय विमानस्थलमा यात्रुले अनावश्यक रूपमा बेहोर्नुपर्ने सास्ती र दुर्व्यवहार हट्ने अपेक्षा गर्न सकिन्छ । तर, नैतिक संहिता कडाइका साथ लागू हुनुपर्छ । अन्यथा यो अर्थहीन बन्ने निश्चित छ ।

श्रम सरोकार

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# तथ्यांकीय हेरफेरमा सीमित मौद्रिक नीति



■ रसिव गौतम

"

अहिले जुन ढंगले पैसाको प्रवाह बढाउने हिसाबले मौद्रिक नीति आएको छ, त्यसले समग्र वित्तीय समस्या हल गर्छ भन्न सकिँदैन । किनकि, नेपाली अर्थतन्त्र अहिले संरचनागत समस्याले जकडिएको छ । आर्थिक, व्यावसायिक वातावरण नै खलल छ । अर्थतन्त्रको इञ्जिन नै बिग्रिएको अवस्था छ । फलस्वरूप पनि वित्तीय क्षेत्रमा जति नै लगानीयोग्य पुँजी (तरलता) थुप्रिए पनि कर्जाको माग छैन । बजार माग सिर्जना नहुँदा उद्यमी व्यवसायीहरूले कर्जाको माग पनि गरेनन् । फलस्वरूप तरलता थुप्रिएको अवस्था हो । त्यसकारण अर्थतन्त्रको समग्र संरचनात्मक सुधार नगरी फगत वर्ष-वर्षमा वित्त नीतिलाई हरेर ल्याइने मौद्रिक नीतिको औजारले मात्र अर्थतन्त्र सुधार हुँदैन ।

नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि शुक्रबार मौद्रिक नीति सार्वजनिक गरेको छ । नयाँ गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको नेतृत्वमा आएको मौद्रिक नीतिलाई लिएर यतिबेला विभिन्न कोणबाट चर्चा परिचर्चा भइरहेका छन् । पहिलो त आर्थिक वर्ष सुरु हुनु केही दिन अगावै मौद्रिक नीति आउनु सकारात्मक पाटो हो । जसले गर्दा मौद्रिक नीतिअनुरूप बैंक तथा वित्तीय संस्थाहरूलाई नयाँ योजनाहरू बनाएर अघि बढ्न पर्याप्त समय मिलेको छ ।

अर्को, यसपटकको मौद्रिक नीतिले बैंकरहरूको सुझावलाई सतप्रतिशतजसो सम्बोधन गरेको छ । बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले नै मौद्रिक नीतिमा बैंकर्सका ९० प्रतिशत सुझाव समेटिएका बताएका छन् । वास्तवमा जनताको अथाह निक्षेप सुरक्षाको दायित्व बोकेका र संस्थालाई हरेक हिसाबले अगाडि लैजानुपर्ने जिम्मेवारीमा रहेका बैंकर्सहरूको सुझावलाई गभर्नरले प्राथमिकता दिएर सम्बोधन गर्नु राम्रो हो । किनकि, डाक्टरलाई मात्र बिरामीको समस्या थाहा हुन्छ भनेझैं अहिलेको वित्तीय क्षेत्रका समस्याको नसा बैंकर्सहरूले नै बढ्ता छामेका छन् । त्यसकारण वित्तीय क्षेत्रका समस्या सामाधान गर्न बैंकर्सहरूको सुझाव सम्बोधन हुनु मौद्रिक नीतिको एउटा राम्रो पक्ष हो ।

बैंकर्सहरूले पनि अर्थतन्त्र गतिहीन हुनुको कारण सेयरबजार र घरजग्गा कारोबारमा आएको सुस्तताले बढी काम गरेको निष्कर्ष निकालेका थिए । त्यसैलाई सम्बोधन गर्दै आगामी आर्थिक वर्षका लागि ल्याइएको मौद्रिक नीतिमा आवासीय घर निर्माण र खरिद गर्न प्रवाह गरिने कर्जाको सीमा दुई करोड रूपैयाँबाट बढाएर तीन करोड रूपैयाँ कायम गरिएको छ । पहिलो घर निर्माण र खरिद गर्दा कर्जा प्रवाहका लागि कर्जा मूल्य अनुपात ८० प्रतिशतसम्म र जग्गाको हकमा ७० प्रतिशतसम्म कायम गर्ने व्यवस्था गरिएको छ । यसले घरजग्गा, प्लटिङ व्यवसायमा रौनक आउने अपेक्षा गरिएको छ ।

निश्चय पनि मौद्रिक नीतिको यस प्रोभिजनले घरजग्गा क्षेत्रको मन्दीलाई हटाएर यस क्षेत्रको चहलपहल बढाउन सक्छ । जसले समग्ररूपमा अर्थतन्त्रलाई गतिशील बनाउन, राजस्व आम्दानी बढाउन भूमिका खेल्ने नै छ । तर सार्वजनिक वृत्तमा अहिले धेरैजसो बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो खराब कर्जाको हिसाब लुकाएको र यथार्थमा त्यस्तो खराब कर्जाको दर दोहोरो अंकमा पुगिसकेको भनेर हल्ला पनि चलाइएका छन् । यदि अवस्था त्यस्तै हो भने र बैंकहरूको खराब कर्जाको स्थिति १० प्रतिशत नाघेको हो भने त घरजग्गा क्षेत्रमा गरिएको पछिल्लो उदारता थप घातक हुनसक्छ । किनकि बैंक तथा वित्तीय क्षेत्रमा जम्मा भएका रकम सरकारको होइन, बैंकहरूका पनि होइनन् । त्यो आमसर्वसाधारणको रकम हो । त्यहाँ त पछिल्ला समय विदेसिएकाहरूले पठाएका रेमिटचान्स थुप्रिएका छन् ।

बैंक तथा वित्तीय संस्थाहरूलाई विश्वास गरी आमसर्वसाधारणले थुपारेका पैसाहरू सजगतापूर्वक अर्थतन्त्रको श्रीवृद्धि, रोजगारी सिर्जना र सरकारको विकास निर्माणको लक्ष्यमा लगाउनु मौद्रिक नीतिको दायित्व हो । ताकि त्यस्तो नीतिले सरकारको लक्ष्य, उद्देश्यमा पनि सहयोग पुगोस् र जनताको निक्षेप पनि सुरक्षित होस् । अधिकांश रकम जनताको रहने कारण पनि मौद्रिक नीतिको प्रमुख प्राथमिकता सो रकमको सुरक्षा नै हुनुपर्छ । जस्तोः अहिले घरजग्गा क्षेत्रमा भएका लगानीमा धेरैजसो समस्या देखिएका हुन् । बीचमा त्यस क्षेत्रलाई कसिकसाउ गर्दा घरजग्गा क्षेत्रमा मन्दी पनि देखियो । अहिले पुनः त्यस क्षेत्रमा जाने कर्जा प्रवाहलाई सहजीकरण र लचिलो गरिएको छ । खासगरी पहिलो घरजग्गा किन्न चाहनेहरूलाई सुविधा छ । त्यसले घरजग्गा क्षेत्रसँगै समग्र अर्थतन्त्रलाई सहजीकरण गरोस्, त्यो नै आमअपेक्षा हो ।

अर्को, मौद्रिक नीतिले सेयर धितो कर्जामा व्यक्तिगततर्फको १५ करोड रूपैयाँको सीमा बढाएर २५ करोड पुऱ्याइएको छ । यसले सेयरबजारमा लगानीकर्ताको मनोबल बढ्नुका साथै सेयर माग बढ्ने छ र सेयरबजार बढ्ने देखिन्छ । हुन त बैंक तथा वित्तीय क्षेत्रमा अरु धेरै व्यवस्था पनि नयाँ आएका छन् । जसले समग्रमा सेयरबजारलाई सघाउने देखिन्छ ।

त्यसैगरी मौद्रिक नीतिमा ब्याजदर करिडोर सीमा घटाइएको छ । नीतिगत दरलाई पाँच प्रतिशतबाट घटाइ ४.५ प्रतिशत कायम गरिएको छ । जसले ब्याजदर घटाउने र कर्जाको माग बढाउने आकलन गर्न सकिन्छ । अहिले बैंकहरूमा अधिक तरलता (आठ खर्ब रूपैयाँभन्दा बढी) रहेको अवस्था छ । यसले बैंकहरूमा राखिने निक्षेपको ब्याजसमेत कम हुने कारण निक्षेप निरुत्साहित हुने तथा पुँजी पलायनको डरसमेत रहन्छ । मौद्रिक नीतिमा चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई कृषि, साना तथा घरेलु उद्योग, शिक्षा, स्वास्थ्य, खेलकुद, सञ्चार र मिडिया हाउसलगायतको व्यवसायको प्रकृति र कर्जा भुक्तानी आम्दानी चक्रको आधारमा आवश्यक परिमार्जन गरिने भनिएको छ । यसले साना तथा घरेलु उद्योगहरूको चालु पुँजीसम्बन्धी समस्या हल गर्न सहयोग पुग्दछ ।

त्यसैगरी मौद्रिक नीतिमा रामेश्वर खनाल नेतृत्वको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले सुझाएकोजस्तै सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्ने कुरा आएको छ । यसले बैंकहरूमा थुप्रिएका गैरवित्तीय सम्पत्ति व्यवस्थापनका लागि सहयोग पुग्दछ । खराब कर्जा बढिरहेको अहिलेको बैंकहरूको टाउको दुखाइको विषय नै थुप्रिएको गैरवित्तीय सम्पत्तिको व्यवस्थापन हो । त्यसकारण त्यो एउटा नयाँ र अति नै आवश्यक कुरा आएको छ ।

तर अहिले जुन ढंगले पैसाको प्रवाह बढाउने हिसाबले मौद्रिक नीति आएको छ, त्यसले समग्र वित्तीय समस्या हल गर्छ भन्न सकिँदैन । किनकि, नेपाली अर्थतन्त्र अहिले संरचनागत समस्याले जकडिएको छ । आर्थिक, व्यावसायिक वातावरण नै खलल छ । अर्थतन्त्रको इञ्जिन नै बिग्रिएको अवस्था छ । फलस्वरूप पनि वित्तीय क्षेत्रमा जति नै लगानीयोग्य पुँजी (तरलता) थुप्रिए पनि कर्जाको माग छैन । कर्जाको माग बढ्न नसक्नुमा देशको धेरैजसो आर्थिक नीति, रोजगार नीति तथा कार्यक्रम, वित्त नीतिले काम गर्न नसकेर युवा पलायनले गर्दा हो । फलस्वरूप पनि बजारमा माग छैन । बजार माग सिर्जना नहुँदा उद्यमी व्यवसायीहरूले कर्जाको माग पनि गरेनन् । फलस्वरूप तरलता थुप्रिएको अवस्था हो । त्यसकारण अर्थतन्त्रको समग्र संरचनात्मक सुधार नगरी फगत वर्ष-वर्षमा वित्त नीतिलाई हरेर ल्याइने मौद्रिक नीतिको औजारले मात्र अर्थतन्त्र सुधार हुँदैन । तरलता थुप्रियो, ऋणको माग छैन भनेर जबर्जस्ती कर्जा प्रवाह बढाउने र सहज मुद्रा प्रवाहको नीतिले मात्र समस्याको सामाधान गर्दैन । बरु त्यसले भविष्यमा थप समस्याहरू निम्त्याउन पनि सक्छ । त्यसकारण जोखिमको क्षेत्रमा मौद्रिक नीतिले जनताको निक्षेपको सुरक्षालाई हेरेर नीति सजगतापूर्वक ल्याइनुपर्छ ।

खासगरी मौद्रिक नीति निक्षेपकर्तालाई पहिलो प्राथमिकतामा राखेर ल्याइनुपर्ने पैसाको नियमन गर्ने नीति हो । किनकि त्यस्तो नीति ठीक नभए बैंकहरूमा थप समस्या आउन सक्छन् । फलस्वरूप जनताको निक्षेप डुब्ने खतरा हुन्छ । जस्तो कि सन् २००८ को विश्वव्यापी संकट पनि अधिक खुलापनको कारण सिर्जना भएको थियो । कर्जा प्रवाहलाई अधिक सहजता दिएसँगै कतिपय अमेरिकी बैंकहरू नै डुबेका थिए त्यतिबेला । त्यसकारण मौद्रिक नीति बैंकहरूको वित्तीय अवस्था र समस्याहरूको गहिरो अध्ययनपछि आउनुपर्छ । ताकि त्यसपछि आउने नीतिले बैंक, अर्थतन्त्र, उद्यमी व्यवसायी तथा सरोकारवा सबैलाई लाभग्राही बनाओस् ।

तर विद्वान गभर्नर प्रा.डा. पौडेल नेतृत्वको राष्ट्र बैंकले यसपटक पनि विगतकै जस्तो केही तथ्यांकीय हेरफेर गरेर मौद्रिक नीति ल्याएको छ । समग्र अर्थतन्त्रको समस्याहरूलाई दीर्घकालीन हल गर्ने सोचसहित मौद्रिक नीति आएको छैन । बरु लोकप्रिय हिसाबको, सबैले राखेका माग र मुद्दाहरूलाई केही न केही सम्बोधन गरेको, लोकरिझ्याइँ गर्ने हिसाबको मौद्रिक नीति आएको छ । मौद्रिक नीतिले अर्थतन्त्रलाई चलायमान बनाउन थुप्रै व्यवस्था गरेको भए पनि नयाँपन दिन सकेको छैन । रोजगारी र युवा उद्यमशीलता बढाउने कुरामा ध्यान दिएको छैन । कर्जा प्रवाह र कर्जामा पहुँचका विषयमा बोल्दै आएका गभर्नर पौडेलले मौद्रिक नीतिमा त्यसबारे आवश्यक सम्बोधन गरेकै छैनन् ।

गभर्नरको जुन विश्वस्तरको अध्ययन र काम गरेको भनिएको अनुभव मौद्रिक नीतिमा कत्ति पनि देखिएको छैन । यत्तिका नीतिहरू विगतमा पनि आएका हुन् । थोरबहुत फेरबदल र हेरफेरलेमात्रै मुद्राको सही प्रवाह हुन सक्दैन । त्यसका लागि वैज्ञानिक नीति र कार्यक्रम आउनैपर्छ । दिनहुँ भाषण र सभा सम्मेलनमा गएर बोलेको जस्तो हुँदैन, सिर्जनशिल हिसाबको नीति तथा कार्यक्रमले मात्र अर्थतन्त्रमा सुधार आउँछ । नेपाली माटो, भूगोल, संस्कार, सस्कृति र सम्भावना अनुकूल वैज्ञानिक र सिर्जनशील नीति कार्यक्रमले डोऱ्याउँदा मात्र अर्थतन्त्रले लय समात्ने हो । जनताको निक्षेप नडुब्ने र त्यही पुँजीलाई सही ठाउँमा डोऱ्याएर आर्थिक विकास गर्ने औजारको रूपमा मौद्रिक नीतिले काम गर्न सक्थ्यो । त्यो ढंगले मौद्रिक नीति आएन । पुरानै शैलीमा औसत मौद्रिक नीति आयो । जुन विद्वान गभर्नरबाट अपेक्षा गरिएको भन्दा निकै कमजोर हो ।

पाठक मञ्च

## बैंक तथा वित्तीय संस्थाको शाखा विस्तारमा 'ब्रेक'

पाँच वर्षअघिसम्म बैंक, सहकारी, लघुवित्त र फाइनान्सले सरकारसँग स्वीकृति लिएर देशभर शाखा विस्तार गरे । केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा राखी प्रायःजसो जिल्लामा शाखा खोलियो । भक्तपुरमा केन्द्रीय कार्यालय रहेको समस्याग्रस्त शिवशिखर सहकारीको देशभर तीन दर्जन शाखा छन् ।

त्यस्तै, ललितपुरको पुल्चोकमा मुख्य कार्यालय भएको समस्याग्रस्त घोषित लालीगुराँस र सुमेरु सहकारीको पनि विभिन्न जिल्लामा दर्जनौं शाखा छन् । काठमाडौंको मीनभवनमा केन्द्रीय कार्यालय रहेको समस्याग्रस्त कान्तिपुर सहकारीको पनि देशभर दर्जनौं शाखा छन् । सहकारी संकट आउनुअघि बैंक, वित्तीय संस्थाबीच शाखा विस्तारका निम्ति होडबाजी नै चल्थ्यो ।

यतिमात्र नभई बिमा कम्पनीहरूबीचमासमेत शाखा खोल्न हानाथाप नै हुन्थ्यो । ३५ हजार २३९ वटा सहकारी देशभर दर्ता भए । हजारौं संख्यामा बैंक, लघुवित्त, फाइनान्स र बिमा कम्पनीहरू दर्ता भए । पछिल्लो पाँच वर्षमा देशभर रहेकामध्ये आधाभन्दा बढी सहकारी भागिसकेका छन् । नभागेका सहकारीले बचतकर्ताको रकम फिर्ता गर्न सकेका छैनन् ।

सहकारीमा भएको आमसर्वसाधारणको खबौं रकम डुबेको छ । हरेक घरमा सहकारी पीडित भेटिन्छन् । उनीहरूको रुवाबासी छ । सहकारी डुबाउने सञ्चालक, अध्यक्षहरूमध्ये कतिपय जेलमा छन् त कतिपय विदेश भागेका छन् । कोहीचाहिँ मुलुकभित्रै लुकीछिपी बसेका छन् । यस्तै, लघुवित्त, फाइनान्सबाट पीडित भएका पनि हजारौं छन् ।

त्यहाँ बचत गरेका सर्वसाधारणको पनि बिजोग भएको छ । लघुवित्तले बचतकर्ता र ऋणी दुवैलाई फसाएको छ । सुरुमा कर्जा नगएपछि घरघरमा गएर अशिक्षित महिलाहरूलाई जबर जस्ती ऋण भिडायो । ३९ वटासम्म लघुवित्तले एकै महिलालाई जबरजस्ती एक-एक लाख रूपैयाँ ऋण लिन लगाएको पाइन्छ । ऋण त लिन लगायो तर कसरी र कहाँ लगानी गर्ने ? भनेर लघुवित्तले सिकाएन ।

जसका कारण ती महिलाको लगानी डुब्यो । अहिले लघुवित्तका कर्मचारीहरू ऋण तिर्न भन्दै आउँछन् । तर, कहाँबाट ल्याएर तिर्ने ? लघुवित्तले पैसा बिकाउन जबरजस्ती लिन लगाएको ऋणले ऋणी, बचतकर्ता र लघुवित्तलाई नै असर पुगेको छ । बिमा कम्पनीहरू पनि टाट पल्टिएका छन् । यता, बैंकमासमेत समस्या देखिँदै छ । बैंकमा समस्या आउनुमाचाहिँ सहकारीजस्तै कारण भेटिन्छ ।

सहकारी किन भाग्नुपऱ्यो ? प्रस्ट छ- घरजग्गा, गाडी र सेयरमा गरेको लगानीका कारण । सहकारीजसरी बैंकले पनि आँखा चिम्लेरै यी क्षेत्रमा लगानी गरेको छ । पछिल्लो पाँच वर्षयता घरजग्गा, गाडी र सेयर कारोबार कस्तो छ ? सबैलाई थाहै छ । यी क्षेत्रमा मन्दी आएकै कारण सहकारी भाग्नुपऱ्यो । अहिले त मन्दीमाथि पनि मन्दी छाएको छ ।

यी वस्तुको कारोबार ठप्पै भएको छ । फेरि बैंकको सम्पूर्ण कर्जा लगानी यिनै क्षेत्रमा पाइन्छ । त्यसकारण अब बैंक पनि छिट्टै टाट पल्टिदैं छ भनौं । हिजो बैंकले एक करोड रूपैयाँको धितो राखेर ७०-८० लाख रूपैयाँ कर्जा दियो । त्यसमा बैंकका सञ्चालक, अध्यक्ष, कर्मचारीले ऋणीसँग १० लाख रूपैयाँ घुस खाए ।

तीन प्रतिशत सेवा शुल्क, १६ प्रतिशत ब्याज भनेर ८० प्रतिशत र तीन किस्ता नतिर्नेबित्तिकै करोडको धितो लाखौंमा पचाए । त्यतिमात्र होइन, ऋणी र उसको तीन पुस्तालाई कालोसूचीमा राखियो । जसले ऋणीलाई आत्महत्यासम्मको मुखमा पुऱ्यायो । बैंकबाट ऋण खाएका अधिकांश उँभो लाग्नुभन्दा पनि तहसनहस भएका छन् । हिजो करोडौंको सम्पत्ति भएकाहरू सडकछाप अवस्थामा पुगेका छन् ।

तर, अहिले त धितोकै मूल्य लगातार घट्दो छ । एक करोड मूल्यांकन गरेर ८० लाख रूपैयाँ कर्जा दिएकोमा धितो ४०-५० लाख रूपैयाँमा झरेको छ । यसले बैंक संकटमा परेको छ । अहिले ऋणीले भनिसके कि हामी ऋण तिर्दैनौं, धितो लिलाम गर । बैंकले धितो त लिलाम गर्ला । त्यो बेच्दा ऋण उठ्नेजस्तो देखिँदैन । त्यसमाथि पछिल्लो समय घरजग्गा, गाडी र सेयर कारोबार शून्यझैं छ । जसका कारण बैंकलाई लिलाम गरेको धितो बेच्न निकै सास्ती भइरहेको छ ।

बैंक, वित्तीय संस्थाका कारण ऋणी र बचतकर्ता दुवै डुबेका छन् । आफ्नो स्वार्थका निम्ति यिनीहरूले जथाभावी लगानी गर्दा जनताको उठीबास भयो । अहिले मुलुकमा कुनै पनि राजनीतिक दलले जनयुद्ध गरेका छैनन् । तैपनि गाउँ-गाउँबाट बैंक, वित्तीय संस्थाका सञ्चालक, अध्यक्ष र कर्मचारीहरूलाई लखेट्ने काम भइरहेको छ । यो कसले र किन गरिरहेको छ त ? बैंक, वित्तीय संस्थाहरूले हिजो देशभर शाखा विस्तार गरे, अहिले त्यही शाखा उनीहरूका लागि टाउको दुखाइ बनेको छ । यो अवस्था सिर्जना हुनुमा स्वयं बैंक तथा वित्तीय संस्थाहरू नै बढी जिम्मेवार छन् । यो सत्यलाई स्वीकार्न सक्नुपर्छ ।

– रुषा थापा, भक्तपुर



**मिथिला चित्रकला** | धनुषाको क्षिरेश्वरनाथ नगरपालिकाको केन्द्र महेन्द्रनगरमा निर्माणको अन्तिम चरणमा रहेको प्रशासकीय भवनको पर्खालमा कोरिएको आकर्षक मिथिला चित्रकला ।
*तस्बिरः अमरेन्द्रकुमार यादव/रासस*

# म्याद थप्दासमेत बनेन प्रशासकीय भवन



**गलकोट (बागलुङ)–** बागलुङको जैमिनी नगरपालिकाको प्रशासकीय भवन निर्माणमा ढिलाइ भएको छ । निर्माण व्यवसायीको लापरवाहीको कारण जैमिनी नगरपालिकाको प्रशासकीय भवन निर्माण थपिएको म्यादसमेतमा काम सम्पन्न नभएको हो ।

निर्माण व्यवसायीको ढिलासुस्तीका कारण जैमिनी नगरपालिकाको सुविधा सम्पन्न प्रशासकीय भवन निर्माण अलपत्र बनेको छ । २०७८ माघ २१ गते तीन वर्षमा सक्नेगरी सम्झौता भए पनि सम्झौता मिति सकिएर पुनः छ महिनालाई थपिएको म्यादमासमेत काम सम्पन्न नभएको जैनिमी नगरपालिकाले जनाएको छ । माघमा सकिएको म्याद छ महिनालाई थपेर असार १७ गतेसम्म पुऱ्याइएको थियो ।

छ महिना म्याद थप्दासमेत भवनको प्रगति जम्मा ७० प्रतिशत भएको छ । भवनको साढे चार तला ढलान सकिएर इँटालगाइरहेको भवनमा मुस्किलले एक दर्जनमात्रै कामदार खटिएको जैमिनी नगरपालिकाका इञ्जिनियर विवेक सापकोटाले जानकारी दिए । निर्माण व्यवसायीलाई जैमिनी नगरपालिकाले पटक-पटक समयमै काम सक्न दबाब दिए पनि कामको प्रगति जम्मा ७० पुग्नु लज्जास्पद् भएको जैमिनी नगरपालिकाका नगरप्रमुख नरबहादुर पुनले बताए ।

'तीन वर्षमा ५५ प्रतिशत काम भएको थियो छ महिनाभित्र सक्नेगरी म्याद थपेका थियो तर प्रगति कछुवा गतिमा छ, थपिएको म्यादसमेत सकिदा जम्मा ७० प्रतिशत प्रगति भएको छ, पर्खालसहित अन्य पूर्वाधारको काम बाँकी रहेको छ,' पुनले भने, 'निर्माण व्यवसायीले छ महिनाभित्र काम सक्ने प्रतिबद्धता जनाएपछि थपिएको म्यादमा जम्मा १५ प्रतिशत प्रगति भएकाले नगरपालिकाको कार्यपालिकामा लैजाने तयारी गरेका छौं, कार्यपालिकाले जे भन्छ त्यहीअनुसार अघि बढिन्छ ।' यही गतिमा काम भइरहे अबको दुई वर्षमासमेत भवन निर्माण नसकिने पुनको भनाइ छ ।

समयमै काम सकेमा पालिकाले भाडा तिरेर अरुको घरमा बस्नु नपर्ने बतउँदै ठेकेदारले कछुवा गतिमा काम गर्दा समस्या भएको उनको भनाइ छ । साढे चार तलाको भवन ढलान भएर पर्खाल लगाउने काम चलेपछि ठूलो भवनमा कछुवा गतिमा काम भएको छ ।

अन्य पर्खाल, झ्याल ढोका, लिफ्ट, विद्युत्, खानेपानी, रङ रोगन तथा डेकोरेसनको काम पूरै बाँकी रहेको छ । सम्झौता सकिएपछि निर्माण व्यवसायीले म्याद थपका लागिसमेत निवेदन नदिएको नगरपालिकाका इञ्जिनियर विवेक सापकोटाले बताए ।

नगरपालिकाको विद्युतीय भऱ्याङसहित साढे चार तलाको प्रमुख प्रशासकीय भवन निर्माणका लागि रविना/प्राकृतिक/जुगल जेभीसँग आठ करोड १७ लाख ६५ हजार रूपैयाँमा ठेक्का सम्झौता भएको थियो । २०८१ पुस १५ मा निर्माण सक्नेगरी भएको ठेक्का सम्झौताअनुसार काम नहुँदा निर्माणमा ढिलाइ भएको हो । रविना/प्राकृतिक/जुगल जेभीका आधिकारिक प्रतिनिधि नरेश ओझाले निर्माण सामग्रीको ढुवानीले समस्या भएकाले काममा ढिलाइ भएको बताए । समयमै भुक्तानी अभवामा काममा समस्या भएको उनको भनाइ छ ।

जैमिनी नगरपालिकाको केन्द्र कुश्मीशेराका स्थानीयले निःशुल्क दिएको आठ रोपनी जग्गामा नगरपालिका र प्रदेश सरकारको लगानीमा प्रशासकीय भवन निर्माण गर्न लागिएको हो । साढे चार तलामा ४२ कोठा रहेको भवनमा विद्युतीय भऱ्याङसहित सुविधा सम्पन्नको हुने छ । नगरपालिकाको विषयगत शाखासमेत अट्नेगरी भवन निर्माण थालिएको छ ।

अहिले नगरपालिकाले चारवटा घर भाडामा लिएर सेवा दिइराखेको छ । आफ्नै भवन निर्माण भए नगरपालिकाको भाडाबापतको ठूलो रकम बचत हुने छ । *रासस*

# तीन करोड लागतमा सम्पन्न भयो नदी नियन्त्रण योजना

**म्याग्दी (प्रस)–** तीन करोड ६५ लाख रूपैयाँको लागतमा म्याग्दीको चार ठाउँमा नदी नियन्त्रण योजना सम्पन्न भएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गतको सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना पोखराले नदी कटान र बाढी नियन्त्रणका लागि तटबन्ध र कम्पोजित पर्खाल निर्माण गरेको हो ।

आयोजनाका इञ्जिनियर नरजङ गुरुङले चालु आर्थिक वर्ष २०८१/८२ मा दरवाङ, तातोपानी, सिंगा र लामगरामा योजना निर्माण भएको जानकारी दिए । बेनी नगरपालिका-४ सिंगा तातोपानीको मसारस्थित सरस्वती माविको पछाडि म्याग्दी नदीको किनारमा ठेक्कामार्फत ६६ मिटर लामो, चार मिटर चौडाइ भएको तीन/तीन मिटर अग्लो कंक्रिट र त्यसमाथी ग्याविन पर्खाल निर्माण भएको छ ।



दुई करोड ७० लाख रूपैयाँ लागत अनुमान गरिएको योजना निर्माणका लागि गत फागुन महिनामा एक करोड ५५ लाख रूपैयाँमा ठेक्का सम्झौता गरेको साहाना-बिआरटी जेभीले बर्खा अघि नै काम सम्पन्न गरेको हो । मालिका गाउँपालिकाको केन्द्र दरवाङस्थित म्याग्दी नदी किनारमा २६ मिटर लामो कम्पोजित प्रविधिको पर्खाल निर्माण भएको छ । बेनी नगरपालिका-४ सिंगाको म्याग्दी नदी किनारमा १५० मिटर र वडा नं १ लामगरास्थित कालीगण्डकी नदी किनारमा १५० मिटर लामो ग्यावियन पर्खाल निर्माण भएको छ ।

७०/७० लाख रूपैयाँ विनियोजन भएको दरवाङ, सिंगा र लामगराको नदी नियन्त्रण योजना उपभोक्ता समितिमार्फत कार्यान्वयन भएको हो । लामगरामा निर्माण भएको ग्यावियन पर्खालको बाहिरी भागमा तारजालीलाई खिया लाग्न नदिन 'ज्याकेटिङ' पलास्टर गरिएको छ । लामगराको नदी नियन्त्रण योजनाको उपभोक्ता समितिका अध्यक्ष कमल थापाले तटबन्धपछि बस्ती, खेतीयोग्य जमिन र रत्नेचौर लिफ्ट खानेपानी योजनाको इनार संरक्षण भएको बताए ।

आयोजनामार्फत यस वर्ष थप चार ठाउँमा नदी नियन्त्रणका लागि विभिन्न निर्माण कम्पनीसँग नौ करोड ७५ लाख रूपैयाँमा ठेक्का सम्झौता भएको छ । सिंगा तातोपानी बजार संरक्षणका लागि म्याग्दी नदी किनारमा १०२ मिटर लामो कम्पोजित प्रविधिको पर्खाल निर्माण गर्न आरआरसी जेभीसँग दुई करोड ७१ लाख रूपैयाँ र बेनीस्थित दरवाङ बसपार्क क्षेत्रमा म्याग्दी नदी किनारमा १६५ मिटर कम्पोजित पर्खाल निर्माणका लागि रूपल-सुप्रिमसँग चार करोड २१ लाख ५९ हजार रूपैयाँमा ठेक्का सम्झौता भएको छ ।

रघुगंगा गाउँपालिका-३ को गायत्री मन्दीर संरक्षणका लागि ५० मिटर लामो कम्पोजित पर्खाल निर्माण गर्न गुरुङ बाजे मण्डली जेभीले ७४ लाख रूपैयाँमा ठेक्का सम्झौता गरेको छ । बेनीको कालीपुल बस्ती पारि बगरफाँटतर्फ कालीगण्डकी नदी किनारमा ८० मिटर कंक्रिट पर्खाल निर्माणका लागि साहना-गोपी जेभीले दुई करोड नौ लाख ५९ हजार रूपैयाँमा ठेक्का सम्झौता गरेको छ ।

चालु आर्थिक वर्षमा ठेकेदार छनोट र सम्झौता भएका योजनाको आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न गरिने आयोजना प्रमुख विदुरमान श्रेष्ठले बताए । बेनी र आसपासका क्षेत्रमा नदी नियन्त्रण आयोजनाले तीव्रता पाएसँगै तटीय क्षेत्रका बासिन्दाले सुरक्षित महसुस गर्न थालेका छन् ।

# बाढीको त्रासः लट्ठागौरीका बासिन्दा त्रिपाल टाँगेर बस्न बाध्य

**कञ्चनपुर–** कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-१२ लट्ठागौरीस्थित वनहरा नदी तटीय क्षेत्रका बासिन्दा बर्सेनि आउने बाढीको त्रासले वर्षात् सुरू हुनासाथ वन क्षेत्रमा त्रिपाल टाँगेर बस्न बाध्य छन् । टेकबहादुर सलामी थापा मगर विगत सात वर्षदेखि वर्षात् सुरू भएलगत्तै नजिकैको सामुदायिक वनमा त्रिपाल टाँगेर परिवारसहित बस्दै आएका छन् । बाढीले घर डुबाउने भएकाले उनले खाद्यान्न, ओढ्ने-ओछ्याउने सामान, बालबालिका र चौपाया लिएर समयमै सुरक्षित स्थानतर्फ सर्छन् । उनको प्रारम्भिक थातथलो डोटीको जोरायलमा पहिरोले बगाएपछि उनी कञ्चनपुर आइपुगेका हुन् ।

'घर पहिरोले लगेपछि हामी पूर्णरूपमा घरवारविहीन भयौं,' उनले सम्झिए, 'जहाँ मजदुरी पाइन्थ्यो, त्यहीं बस्थ्यौं, त्यसै क्रममा यहाँ आइपुग्यौं र बस्न थाल्यौं ।' उनले नदी किनारमै जग्गा किनेकाले बाढीले पिछा गर्न भने छाडेको छैन । 'थोरै जमिन किन्यौं, तर यहाँ पनि नदीले बर्सेनि सताउँछ,' उनले भने, 'त्यसैले वर्षात् सुरू भएलगत्तै वन क्षेत्रमा सर्नुपर्छ ।'

परिवार पाल्न उन र उनकी श्रीमती मजदुरीमा निर्भर छन् । दैनिक मजदुरीबाट घरखर्च जेनतेन चलेको उनको भनाइ छ । टेकबहादुर मात्र होइन, सोही बस्तीका थप छ परिवार पनि यस्तै अवस्थामा छन् । सबैले वर्षात् सुरू हुनुअगावै वन क्षेत्रमा सरेर अस्थायी त्रिपालमा बस्न थाल्छन् । डडेलधुराको आलितालबाट विस्थापित भएर आएकी सीतादेवी बोहरा पनि वनहरा नदी किनारमा बस्दै आएकी छन् । पहाडको घरजग्गा पहिरोले बगाएपछि उनको परिवार यहाँ बस्न बाध्य भएको हो ।

'यहाँ बस्न थालेपछि पनि बाढीले हैरान बनायो,' उनले भने, 'तीन वर्षअघि त बाढीले घरभित्रको खाद्यान्नदेखि बाख्रा, गोरुसम्म बगाएर लग्यो ।' अहिले पनि आकाशमा कालो बादल देखिनेबित्तिकै उनीहरू डराउन थाल्छन् । 'नदीमा बाढी आउने चिन्ताले घर छाडेर वनतिर लाग्नुपर्छ,' उनले भनिन् ।

स्थानीय राजुराम लुहार पनि घर छाडेर वनतिर जाने तयारी अवस्थामा छन् । 'चुरे क्षेत्रमा पानी पऱ्यो भने नदीको बाढी घरसम्मै आउँछ,' उनले भने, 'घरमै बस्ने जोखिम लिन सकिँदैन ।' बाढी नआएको बेला उनीहरू घरमा फर्केर दैनिक काम गर्छन् । बोटबिरुवा स्याहार्ने, घर लिपपोत गर्ने तर रात बस्न भने वनमै जान्छन् । विगत वर्ष वडा कार्यालयले त्रिपाल वितरण गरेको थियो । *रासस*

# ऐसेलुखर्क गाउँपालिका आफ्नै प्रशासनिक भवनमा

**खोटाङ–** ऐसेलुखर्क गाउँपालिकाको सेवा प्रवाह आफ्नै प्रशासनिक भवनबाट सुरुआत गरिएको छ । स्थापना भएदेखि हालसम्म स्थानीयवासीको भाडाको घरमा सञ्चालन हुँदै आएको यस गाउँपालिकाले शुक्रबारदेखि औपचारिकरूपमा आफ्नै प्रशासनिक भवनबाट सेवा प्रवाह थालनी गरेको हो ।

वार्षिक करकट्टीसहित चार लाख ६८ हजार रूपैयाँ भाडा तिरेर कार्यालय सञ्चालन गर्दै आएको गाउँपालिकाले आफ्नै प्रशासनिक भवनबाट सेवा दिन सुरु गरेपछि नागरिकलाई सेवा लिनसमेत सहज भएको छ । २०८१ वैशाख मसान्तभित्र सम्पन्न गर्नेगरी ठेकेदार कम्पनीसँग सम्झौता गरिएको प्रशासनिक भवन एक वर्षपछि दुई करोड ३० लाख रूपैयाँ लागतमा निर्माण सम्पन्न भएको गाउँपालिकाका लेखा शाखा प्रमुख पंकज आचार्यले जानकारी दिएका छन् ।

निर्माण सुरु गरेको पाँच वर्ष दुई महिनापछि सम्पन्न भएको प्रशासनिक भवन शुक्रबार गाउँपालिका प्रमुख गिरेन्द्रबहादुर राईले औपचारिकरूपमा उद्घाटन गरेर सेवा प्रवाहको शुभारम्भ गरे । ठेकेदार कम्पनीले निर्माण सम्पन्न गरेर भर्खरै गाउँपालिकालाई हस्तान्तरण गरेको १४ कोठे दुइतले प्रशासनिक भवनको अन्तिम तलामा फलामे ट्रससहित जस्तापाताको छाना हालिएको छ ।

उद्घाटनका अवसरमा अध्यक्ष राईले ढिलै भए पनि गाउँपालिकाको आफ्नै प्रशासनिक भवनबाट सेवा प्रवाह गरिएसँगै आर्थिक भारबाट जोगिएको जानकारी दिएका छन् । 'प्रशासनिक भवन निर्माणमा निक्कै झमेला खेप्नुपऱ्यो । सुरुको स्टिमेट फेरबदल गरेर पुनः अर्को स्टिमेटअनुसार भवन निर्माण गरिएको छ,' उनले भने, 'ठेकेदारको लापरबाहीले आरसिसी ढलानसहितको तीनतले प्रशासनिक भवनलाई दुईतलामा सीमित गर्न बाध्य भयौं । ढिलै भए पनि गाउँपालिकाको आफ्नै प्रशासनिक भवन सञ्चालनमा ल्याएका छौं । भाडाको घरबाट आफ्नै प्रशासनिक भवनमा सरेर सेवा प्रवाह सुरु गरिएसँगै बर्सेनि गाउँपालिकामा थपिने आर्थिक भारसमेत जोगिएको छ ।'



२०७७ जेठ १३ गते ठेक्का सम्झौता गरेर निर्माण सुरु गरिएको प्रशासनिक भवन निर्माणमा ठेकेदारको लापरबाहीले सम्पन्न गर्न ढिलाइ भएको गाउँपालिकाले जनाएको छ । निर्माणाधीन अवस्थामा ठेकेदार कम्पनीले नक्कली रिपोर्ट (प्रतिवेदन) बनाएर पहिलो चरणको रकम भुक्तानीका लागि गाउँपालिकामा बिल बुझाएको खुलेपछि गाउँपालिकाले ठेक्का सम्झौता रद्द गरेको थियो ।

२०७७ माघ १९ गते निर्माण सम्पन्न गरिसक्नुपर्ने सभाहलसहित १६ कोठा भएको तीनतले प्रशासनिक भवन निर्माणका लागि ठेकेदार कम्पनी रुजन-जगदम्बा-भुवनेश्वरी एण्ड बैभव जेभीसँग सम्झौता भएको थियो । प्रदेश सरकार र गाउँपालिकाको संयुक्त लगानीमा निर्माण सुरु गरिएको प्रशासनिक भवनका लागि गाउँपालिकाले तीन करोड ६९ लाख ८५ हजार रूपैयाँको लागत अनुमान गरेको थियो । तर, ठेकेदार कम्पनीले मूल्य अभिवृद्धि करसहित दुई करोड ६८ लाख ४३ हजार रूपैयाँमा निर्माण सम्पन्न गरेर हस्तान्तरण गर्नेगरी सम्झौता गरेको थियो ।

सम्झौता गरेको केही महिनापछि ठेकेदार कम्पनीले भवनको पहिलो तला ढलान गरेर दोस्रो तलाका लागि तयारी गरेको थियो । आरसिसी ढलानसहितको प्रशासनिक भवन निर्माणमा ठेकेदारको लापरबाही देखिएपछि गाउँपालिकाले ठेक्का सम्झौता रद्द गरेसँगै भवन निर्माणको काम अलपत्र बनेको थियो ।

ललितपुरस्थित गुणस्तर अनुसन्धान तथा विकास केन्द्रले प्रशासनिक भवनको संरचना निर्माणका क्रममा ठेकेदार कम्पनीले सम्झौताअनुसारको गुणस्तर कायम नगरेको औंल्याएपछि गाउँपालिकाले ठेक्का सम्झौता रद्द गरेको गाउँपालिकाका प्रवक्ता एवं वडा नं ३ ऐसेलुखर्कका वडाध्यक्ष टेकेन्द्र राजभण्डारीले जानकारी दिए । गाउँपालिकाले पत्राचार गर्नुअघि नै निर्माण व्यवसायीले निर्माणाधीन प्रशासनिक भवनको पहिलो तलाको स्ल्याब ढलान गरिसकेका थिए ।

ठेकेदार कम्पनीसँगको सम्झौता रद्द गरिएपछि निर्माणाधीन अवस्थामै अलपत्र परेको प्रशासनिक भवन सम्पन्न गर्नका लागि नेपाल मध्यस्थता परिषद्मा भएको पटक-पटकको छलफलपछि २०८० पुस ४ गते पुनःसम्झौता गरेर अगाडि बढ्नेगरी दुई पक्षीय सहमति भएको थियो । सहमतिअनुसार २०८० फागुन १० गते पुनः सम्झौता गरेर निर्माणको काम सुरु गरिएको थियो । *रासस*

प्रभाव दैनिक

रूपशाला

## दुर्गेशको नयाँ गीत ग्लोबल ट्रेन्डिङमा

दुर्गेश थापा र सिसन बानियाँको नयाँ गीत 'जाने भए जाम माया'ले नेपाल मात्र होइन केही विदेशी मुलुकको युट्युब भ्यूजमा समेत उछाल ल्याएको छ । रिलिजको २४ घण्टाभित्र सर्वाधिक हेरिने नेपाली गीतको रेकर्ड रचेको यो गीत अमेरिकामा केही दिनअघि युट्युब ट्रेन्डिङमा आउने पहिलो नेपाली गीत बन्यो । अस्ट्रेलियामा ट्रेन्डिङको शीर्षस्थानमा आउने पहिलो नेपाली गीत समेत बन्यो । रिलिजको तीन दिनमै यसले अर्को रेकर्ड रचेको छ । त्यो हो– सबैभन्दा छिटो युट्युब म्युजिकको ग्लोबल ट्रेन्डिङमा आउने कीर्तिमान । रिलिजको ३ दिनमै यो गीत ४० लाख भ्यूज बटुल्दै युट्युब म्युजिकको ग्लोबल ट्रेन्डिङमा समावेश भएको छ ।



आइतबार, २९ असार, २०८२ (Sunday, July 13, 2025)

# काठमाडौंका मनोरञ्जन व्यवसायी संगठित

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौंका मनोरञ्जन व्यवसायीहरू आफ्नो हक, हित र सुरक्षाका लागि सङ्गठित भएका छन् । हालै जडीबुटीमा सम्पन्न उनीहरूको राष्ट्रिय भेलाले गायिका तथा व्यवसायी उमा श्रेष्ठको अध्यक्षतामा एक कार्यसमिति गठन गरेको छ ।

नवगठित समितिको वरिष्ठ उपाध्यक्षमा दिनेश थापा, उपाध्यक्षहरूमा सुशील बुढाथोकी, सुजन श्रेष्ठ, प्रह्लाद चौलागाईं र राजकुमार कार्की रहेका छन् । त्यसैगरी, महासचिवमा सगुन अधिकारी, उपमहासचिवमा प्रज्वल खड्का, सचिवमा अमृत खाती, सहसचिवमा देव लामा, कोषाध्यक्षमा सन्तोष लामा र सहकोषाध्यक्षमा युनिसा रेग्मी सर्वसम्मत निर्वाचित भएका छन् ।

कार्यसमितिका सदस्यहरूमा कुमार अधिकारी, होमबहादुर कार्की, रोशन बुढाथोकी, सुवास अधिकारी, विजय लामा, पार्वती थापा, रामकुमार बुढाथोकी ,राज सुवेदी, गीता फुयाँल कार्की र पासाङ लामा रहेका छन् ।

रक्षामन्त्री मानवीर राईको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त भेलाले रात्रिकालीन मनोरञ्जन व्यवसायलाई मर्यादित र व्यवस्थित बनाउने उद्देश्य राखेको छ । अध्यक्ष श्रेष्ठले व्यवसायलाई व्यवस्थित गर्न आफूहरू सङ्गठित भएको बताइन् । 'मनोरञ्जनात्मक क्षेत्र समाज परिवर्तनको सशक्त औजार हो, रोजगारीको ठूलो उद्योग हो, पर्यटन विकासको मेरुदण्ड हो, अर्थतन्त्रको प्रमुख स्रोतको साथै ,मध्यम र न्यून वर्गको जीवन धान्ने गोरेटो हो । समग्रमा मुलुकको समृद्धिको आधार हो' उनले भनिन्, 'त्यसैले ठमेल र दरबारमार्ग मात्रै होइन पुरै काठमाडौंलाई २४ घण्टा सञ्चालनको अनुमति दिनुपर्छ । राज्यले यो क्षेत्रलाई सम्मानित र मर्यादित उद्योगको रूपमा मान्यता दिनुपर्छ ।'





कार्यक्रममा काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरीका प्रमुख एआईजी टेकबहादुर तामाङ पनि उपस्थित थिए । व्यवसायीहरूले प्रहरीले बेलाबेलामा रात्रिकालीन व्यवसायलाई दुःख दिने गरेको गुनासो गर्दै यसलाई व्यवस्थित गरिदिन आग्रह गरे ।

रक्षामन्त्री राईले आफू कला र कलाकर्मीलाई असाध्यै प्रेम गर्ने बताउँदै मनोरञ्जन व्यवसायले कलाकार उत्पादनमा महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा राखे । उनले नेपालको अर्थतन्त्र बिस्तारै लयमा फर्किरहेको बताउँदै अब मनोरञ्जन व्यवसायीलाई चिन्ता नलिन आग्रह गरे । नवनिर्वाचित महासचिव सगुन अधिकारीले प्रतिष्ठानलाई देशव्यापी रूपमा विस्तार गर्दै लैजाने योजना रहेको बताए । त्यसैगरी, उपाध्यक्ष सुजन श्रेष्ठले कलाकारहरूको तलब र सुरक्षाको समस्या समाधान गर्न कलाकारहरूको बेग्लै उपसमिति गठन गर्ने तयारी रहेको जानकारी दिए ।

कार्यक्रममा बागमती प्रदेश सभा सदस्य एवं पूर्वमन्त्री युवराज दुलाल लगायत व्यवसायीहरूले आफ्नो मन्तव्य राखेका थिए । व्यवसायीहरूले कार्यक्रममा आफ्ना विभिन्न समस्याहरू प्रस्तुत गरेका थिए ।

# सन्नी देओलको बोर्डर:२ को सकियो सुटिङ




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'बोर्डर २' को छायांकन निकै अघिदेखि सुरु भएको थियो, जसको निर्माण पक्षले घोषणा गरेको थियो । फिल्ममा सनी देओलले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले अब उनको फिल्मको सुटिङ सकिएको छ ।

सन् १९९७ मा रिलिज भएको फिल्म बोर्डरको धर्तीमा 'बोर्डर २' पनि बनिरहेको छ, जसमा सैनिकको कथा देखाइने छ । अब यो फिल्ममा सन्नी देओलको लुक कस्तो हुने भन्ने खुलासा भएको छ । पछिल्लो पटक जस्तै यस पटक पनि सन्नी देओलले सिपाहीको भूमिकामा आफ्नो दमदार प्रस्तुति दिनेछन् । सन्नी देओलले इन्स्टाग्राममा 'बोर्डर २' बाट आफ्नो लुकको तस्बिर शेयर गर्दै मनमोहक क्याप्सन दिएका छन् ।

उनले ब्याकग्राउन्डमा संवाद पनि बोल्छन्, जसलाई सुनेर तपाई फिल्मको बारेमा थप जान्न सक्नु हुन्छ । सनी देओलले पोष्ट मार्फत के भनेका छन् ? थाहा पाउनु होस्।

इन्स्टाग्राममा तस्बिर शेयर गर्दै सनी देओलले लेखेका छन्, 'मिसन पूरा भयो, सैनिक, म साइन गर्दैछु। मेरो बोर्डर २ को छायांकन सकिएको छ । जय हिन्द।' यस तस्बिरको ब्याकग्राउन्डमा एउटा संवाद बजिरहेको छ, जसमा सनी देओलको आवाज सुनिन्छ । यसमा सनी भन्छन्, '२७ वर्षअघि एक सिपाहीले फर्कने वाचा गरेका थिए । त्यो वाचा पूरा गर्न भारतको माटोलाई सलाम गर्न आउँदैछु ।'

धेरैजसो फ्यानले यो पोस्टमा कमेन्ट बक्समा हार्ट इमोजी पठाइरहेका छन् । एक फ्यानले लेखेका छन, 'यो सिपाहीको पर्खाइमा, तिमीलाई सलाम ।

आहान शेट्टीले फिल्मको सुटिङका केही तस्बिर पनि सेयर गरेका छन् । यसको क्याप्शनमा उनले लेखेका छन्, 'अनि यो बोर्डर के हो ? त्यहाँ एक सिपाही र उसको भाइ मात्र छ। यो सुटिङ पुणेमा सकियो । अब अर्को लोकेशनको पालो छ। यी तस्बिरमा अहान शेट्टी, दिलजीत दोसांझ र वरुण धवन देखिएका छन् । फिल्मको छायांकन सकिए पछि सबैजना चिसोमा देखिएका थिए ।

अब यदि फिल्म बोर्डर:२ का निर्देशक र निर्माताको कुरा गर्ने हो भने, उनी हुन् जेपी दत्त । जेपी दत्तले सन् १९९७ मा रिलिज भएको फिल्म बोर्डर पनि बनाएको थियो, जुन बक्स अफिसमा निकै हिट भयो । पछिल्लो पटक जस्तै फिल्ममा पनि सनी देओलको काम महत्वपूर्ण हुनेछ र यो कुरा तपाईंले सन्नी देओलको पोस्टका संवादहरू सुनेर नै बुझ्नु भएको होला ।



# 'खेलको माध्यमबाट खेलाडी आयआर्जन गर्ने अवस्था बनिरहेको छ'




■ प्रभाव संवाददाता

**मोरङ–** युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले सरकारले खेलाडीलाई खेलको माध्यमबाट आयआर्जन गर्ने अवस्था बनाउँदै लगेको बताएका छन् ।

कोशी प्रदेश खेलकुद विकास बोर्डद्वारा शनिबार विराटनगरमा आयोजित राष्ट्रपति रनिङ, अन्तरप्रदेश, राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडी तथा खेलक्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिहरूलाई सम्मान गर्दै खेलाडी खेलमार्फत आयर्जन गर्न सक्षम बन्नु सुखद विषय भएको बताए ।

मन्त्री चौधरीले सरकारले अन्तरराष्ट्रिय क्षेत्रमा पदक प्राप्त गर्ने खेलाडीलाई रु ६५/६५ लाख रकम वितरण गरी आयआर्जनको अनुभूति गराएको उल्लेख गरे । 'नेपालको इतिहासमा पहिलोपटक खेलाडीहरूलाई रु चार करोड वितरण गरिएको छ । यो अपुग भएकाले मन्त्रालयले थप रु १५ करोड सरकारसँग माग गरेको छ', उनले भने, 'खेलकुदका लागि विनियोजन गरिएको रु छ अर्बमध्ये रु चार अर्ब मुलुकको खेलकुद क्षेत्रको विकासका लागि पूर्वाधार निर्माणमा खर्च गरिने व्यवस्था गरेका छौं ।'

मन्त्री चौधरीले हाल मुलुकमा खेलेर बाँच्न सकिने अवस्था बनेकाले युवालाई खेलकुदप्रति विशेष ध्यान दिन आग्रहसमेत गरे । उनले विगतमा कोशी प्रदेश खेलकुद क्षेत्रमा अगाडि रहे पनि पछिल्लो समय केही खस्किएको भन्दै सुधार ध्यान दिन सम्बद्ध पक्षको ध्यानाकर्षण गराए ।

प्रदेशका सामाजिक विकासमन्त्री पाँचकर्ण राईले प्रदेश सरकारले खेलकुद क्षेत्रको विकासका लागि मोरङको सुन्दरहरैचा नगरपालिकास्थित पूर्वाञ्चल विश्वविद्यालयको खाली जग्गामा खेलकुदग्राम निर्माण सुरु गरेको जानकारी दिए । उनले प्रदेशमा खेलाडीको उच्च भविष्य रहेकाले लगानशीलताका साथ अगाडि बढ्न आग्रह गरे ।

प्रदेश खेलकुद विकास बोर्डका सदस्यसचिव कृष्ण बस्नेत (पर्शुराम)ले प्रदेशमा खेल क्षेत्रको विकासका लागि विद्यालयस्तरदेखि पूर्वाधार निर्माण एवं प्रशिक्षणलगायत काम भइरहेको बताए । त्यस अवसरमा १०१ जना खेलाडी, प्रशिक्षक, खेलकुद पत्रकार एवं खेलकुद प्रतियोगितामा सहयोग गर्ने उद्यमीहरूलाई नगदसहित सम्मान गरिएको थियो ।

# सन्दीप लामिछानेको सम्मानमा रंगशाला

■ प्रभाव संवाददाता

**वालिङ (स्याङ्जा)–** नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान रहेका क्रिकेटर सन्दीप लामिछानेको सम्मानमा स्याङ्जामा क्रिकेट रङ्गशाला बनाउन सुरू गरिएको छ । स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-५ आरुचौरमा जन्मिएका क्रिकेटर लामिछानेको सम्मानमा सोही वडाको थाप्लेमा गाउँपालिकाले रङ्गशाला बनाउन सुरू गरेको हो ।

गाउँपालिका कार्यालयको लगानी तथा अगुवाइमा स्थानीयहरूको जनश्रमदानसहित रङ्गशाला निर्माण सुरू भएको गाउँपालिकाका अध्यक्ष प्रकाश तिवारीले बताए । डाँडाको टुप्पो तर समथर रहेको सार्वजनिक गौचरनलाई क्रिकेट मैदान बनाउने गरी चालु आर्थिक वर्ष २०८१/८२ देखि बनाउन सुरू गरेको उनले बताए ।

'चालु आवदेखि गाउँपालिकाको लागत तथा स्थानीयहरूको जनश्रमदानमा रङ्गशाला बनाउन सुरू गरेका हौं', उनले भने, 'अहिले मैदान बनाउने ठाउँलाई सम्याउने काम भएको छ, वर्षा लागेकाले तत्काललाई काम रोकेका छौं, वर्षा सकिएपश्चात् कामलाई तीव्र गतिमा अगाडि बढाएर सम्पन्न गर्छौं ।'



समुद्री सतहदेखि १९०७ मिटरको उचाइमा यो ठाउँ रहेको छ । निर्माणाधीन मैदानलाई 'नाइन्टिन ओ सेभेन अरिना' नाम दिएको उनले बताए । मैदान बीच भागबाट चारैतिर ४५ मिटर वृत्ताकारमा फैलिएको छ । राष्ट्रियस्तरको मैदानका लागि आवश्यक पर्ने मापदण्डलाई पूरा हुने गरी निर्माण भइरहेको छ ।

मैदानमा पीच बनाउनका लागि क्रिकेटसँग सरोकार राख्ने जिल्ला, प्रदेश तथा केन्द्रीय नेतृत्वकर्ता, अनुभवीहरूको परामर्शमा काम भइरहेको छ । अहिले देश तथा विदेशमा आफ्नो र देशको नामलाई परिचित गराउन सफल क्रिकेटर सन्दीपको जन्म यसै ठाउँमा भएकाले उनको सम्मान सँगसँगै नयाँ-नयाँ प्रतिभा उत्पादन गर्नका लागि पनि यसले महत्वपूर्ण भूमिका खेल्ने विश्वास अध्यक्ष तिवारीको छ ।

'क्रिकेट मैदान निर्माणाधीनस्थलबाट झण्डै आधा घण्टाको दूरीमा दक्षिण एसियाकै पहिलो सामुदायिक घरबास (होमस्टे)को रूपमा पहिचान बनाएको सिरुबारी गाउँ रहेको छ', गाउँपालिकाका अध्यक्ष तिवारीले भने, 'यस क्षेत्रमा क्रिकेट र पर्यटनलाई सँगसँगै जोडेर अगाडि लैजान सकिने देखिएको छ ।'

क्रिकेट मैदान निर्माण सम्पन्न भएसँगै यस ठाउँमा राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिता सञ्चालन गर्ने तयारी छ । पछिल्लो समय युवामाझ लोकप्रिय बन्दै गइरहेको नयाँ नयाँ प्रतिभाको प्रतिभाको खोजी गर्दै प्रतिभा बाहिर ल्याउन सहयोग पुग्ने धारणा गाउँपालिकाका अध्यक्ष तिवारीको छ । उनका अनुसार अभ्यासका लागि छुट्टै ठाउँ बनाइने छ ।

# बागमतीस्तरीय ब्याडमिन्टन प्रतियोगिता सुरू

■ प्रभाव संवाददाता

**भरतपुर –** चितवनमा शनिबारदेखी कर्मचारी क्षमता अभिवृद्धि तालिम तथा मैत्रीपूर्ण ब्याडमिन्टन प्रतियोगिता सुरू भएको छ ।

चितवन जिल्ला खेलकुद बिकास समितिको आयोजनामा उक्त प्रतियोगिता हुन लागेको हो ।

कार्यक्रमको बागमती प्रदेश खेलकुद बिकास परिषद्का सदस्य सचिव दीपक लामाले उद्घाटन गरेका छन् । तालिममा बागमती प्रदेशका १३ जिल्लाबाट खेलकुद बिकास समितिका कर्मचारीहरू सहभागी हुनेछन् ।

उनीहरूको क्षमता अभिवृद्धिका लागि तालिम आयोजना गरिएको खेलकुद बिकास समिति चितवनका अध्यक्ष राजन कार्कीले जानकारी दिए ।

यस्तै, शनिबार नै मैत्रीपूर्ण ब्याडमिन्टन प्रतियोगिता पनि सम्पन्न भएको छ । जसमा २४ टोली सहभागी हुने समितिका कार्यालय सचिव रामजी ढकालले जानकारी दिए ।

युवा तथा खेलकुद मन्त्रालय बागमती प्रदेशबाट ३, बागमती प्रदेश खेलकुद बिकास परिषदबाट ४, प्रदेश युवा परिषद हेटौंडाबाट १ तथा चितवन जिल्ला खेलकुद बिकास समितिबाट २ टिम हुनेछ ।

यस्तै बागमती प्रदेशकै अन्य १२ जिल्ला खेलकुद बिकास समितिबाट एक-एक टिम सहभागी हुनेछन् ।



भारतको वाराणसीस्थित खेतमा धान रोपाइँमा व्यस्त किसान । *तस्बिरः एएफपी*

## एयर इण्डिया दुर्घटना

# प्रारम्भिक प्रतिवेदनमा इन्धन आपूर्ति बन्द भएको खुलासा



**नयाँदिल्ली–** भारतको अहमदाबादबाट बेलायतका लागि उडेको एयर इण्डियाको यात्रुवाहक विमान जुन १२ मा दुर्घटना हुँदा २६० जनाको ज्यान गएको प्रारम्भिक अनुसन्धान प्रतिवेदनमा उल्लेख गरिएको छ । दुर्घटनाको केही क्षणअघि विमानका दुवै इञ्जिनमा इन्धन आपूर्ति रोकिएको पुष्टि भएको छ ।

भारतको विमान दुर्घटना अनुसन्धान विभाग (एएआइबी)ले सार्वजनिक गरेको प्रतिवेदनअनुसार, विमानले उडानपछि अधिकतम गति लिएको केही सेकेण्डमै इञ्जिन-१ र इञ्जिन-२ का इन्धन नियन्त्रण स्विचहरू 'सञ्चालन'बाट 'बन्द' स्थितिमा क्रमशः एक सेकेण्डको अन्तरमा सारिएका थिए ।

ककपिटमा रेकर्ड गरिएको कुराकानीमा एक पाइलटले अर्को पाइलटलाई सोधेका छन्, 'तपाईंले इन्धन किन बन्द गर्नुभयो ?' जवाफमा उनले 'मैले बन्द गरेको होइन' भनेका छन् । त्यसपछि विमान केही बेरमै जमिनमा खसेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

दुर्घटनापछि इन्धन आपूर्ति पुनः सुरु भएको र इञ्जिन सञ्चालनमा आउने संकेत देखिए पनि पाइलटले 'आपत्कालीन सन्देश' पठाइसकेका थिए । त्यसपछि विमान पूर्णरूपमा नियन्त्रणबाहिर गएको थियो ।

### प्राविधिक त्रुटि छैन

प्रतिवेदनमा सन् २०१८ मा संयुक्त राज्य विमान नियामक निकायले इन्धन नियन्त्रण प्रणालीमा लक गर्ने प्रविधि असफल हुन सक्ने विषयमा जानकारी दिएको स्मरण गरिएको छ । तर, यो बाध्यकारी निर्देशन नभएको भन्दै एयर इण्डियाले सो सुझावअनुसार निरीक्षण नगरेको जनाएको छ ।

प्रतिवेदनमा विमान निर्माता तथा इञ्जिन निर्माता कम्पनीको तर्फबाट कुनै प्राविधिक कमजोरी नदेखिएको जनाइएको छ । साथै, विमान सञ्चालनसम्बन्धी सम्पूर्ण निर्देशनहरू पालना गरिएको पनि उल्लेख छ ।

दुर्घटनामा एक जनामात्र यात्रु जीवित रहेका छन्, जो बेलायतका नागरिक हुन् । उनी विमान दुर्घटनापछि केही दूरी हिँडेर सुरक्षित स्थानमा पुगेका थिए र अहिले स्वास्थ्य संस्थाबाट घर फर्किसकेका छन् । विमानमा २३० जना यात्रु र १२ जना चालक दलका सदस्य रहेका थिए । दुर्घटनाका कारण जमिनमा रहेका १९ जनाको पनि ज्यान गएको थियो भने केही घाइते भएका थिए ।

### अनुसन्धान अझै जारी

दुर्घटनाको कारण अझै पूर्णरूपमा पुष्टि भइसकेको छैन । अन्तर्राष्ट्रिय विज्ञ, विमान निर्माता कम्पनी, इञ्जिन निर्माता तथा सम्बन्धित निकायहरू मिलेर अनुसन्धान गरिरहेका छन् । बाँकी प्रमाण संकलन तथा विश्लेषणको कार्य जारी रहेको छ ।

एयर इण्डियाले अनुसन्धानमा पूर्णसहयोग गरिरहेको जनाएको छ भने विमान निर्माता कम्पनीले प्रभावित सबैप्रति समवेदना व्यक्त गरेको छ । *रासस⁄एएफपी*

# गाजामा इन्धन आपूर्ति अपर्याप्त : राष्ट्रसंघ



**संयुक्त राष्ट्रसंघ–** इजरायलका अधिकारीहरूद्वारा लगातार दोस्रो दिन गाजामा ७५ हजार लिटर इन्धन प्रवेश गर्न दिइए पनि त्यो आपूर्ति अत्यन्तै न्यून भएको र गम्भीर मानवीय संकट समाधान गर्न अपर्याप्त रहेको संयुक्त राष्ट्रसंघले जनाएको छ ।

राष्ट्रसंघको मानवीय मामिला समन्वय कार्यालय (ओसिएचए) का अनुसार गाजामा दैनिकरूपमा लाखौं लिटर इन्धन आवश्यक पर्दछ, जसको प्रयोग स्वास्थ्य सेवा, खानेपानी आपूर्ति, सरसफाइ तथा आपत्कालीन सेवाहरूको सञ्चालनका लागि अत्यावश्यक हुन्छ । चार महिनाभन्दा लामो समयदेखि जारी इन्धन प्रतिबन्धका कारण सेवा प्रवाहमा गम्भीर असर परेको ओसिएचएले जनाएको छ ।

'स्पष्टरूपमा भन्नुपर्दा, गाजामा इन्धनको अभाव अत्यन्त चिन्ताजनक अवस्थामा पुगेको छ,' ओसिएचएद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'यदि अहिले कायम रहेका सीमितताहरू तुरुन्तै हटाइएनन् र नियमित रूपमा पर्याप्त मात्रामा इन्धन आपूर्ति हुन सकेन भने, धेरै जीवनरक्षक सेवाहरू पूर्णरूपमा बन्द हुने खतरा छ ।'

ओसिएचएले गाजाभित्र समयमै पहुँच सुनिश्चित गर्न आग्रह गर्दै आएको छ । इन्धन वितरण प्रयास दक्षिण गाजासम्म सीमित रहेका छन्, किनभने उत्तर गाजातर्फ पुऱ्याउने अनुमति इजरायलले प्रदान नगरेको ओसिएचएले जनाएको छ । 'उत्तर गाजामा रहेका अस्पतालहरू बन्द हुने स्थितिमा छन् । एम्बुलेन्स सेवा, खानेपानी प्रशोधन केन्द्र र अन्य अत्यावश्यक सेवाहरूमा पनि इन्धनको अत्यधिक अभाव छ,' कार्यालयले जनाएको छ ।

इन्धन अभावमात्र होइन, गाजामा हाल विभिन्न खाले मानवीय चुनौतीहरू थप जटिल बन्दै गएका छन् । युद्धविरामको अभावमा दैनिकजसो निवारण गर्न सकिने मृत्युहरू भइरहेका छन् । भोक, प्यास र उपचारको खोजीमा रहेका सर्वसाधारण सहायता लिन जाँदा पनि ज्यानको जोखिममा परिरहेका छन् ।

बिहीबार इजरायलसँग समन्वय गरेर गरिएको १५ सहायता प्रयासमध्ये केवल छ प्रयासहरू सफल भएका थिए । यसले घाइतेको उद्धार, जोखिमयुक्त क्षेत्रबाट सर्वसाधारणको स्थानान्तरण र स्वास्थ्य उपकरणको मूल्यांकनजस्ता महत्त्वपूर्ण कामहरू प्रभावित पारेको ओसिएचएले जनाएको छ । बुधबार गाजा सहरको एक क्षेत्रमा १८ जना घाइते व्यक्ति भग्नावशेषमा फसेको सूचना पाएर उद्धार टोली पठाउने अनुमति मागिएको थियो । तर अनुमति ढिला भइ बिहीबारमात्र प्राप्त भयो र त्यो समयसम्म कोही पनि जीवित भेटिएनन् ।

ओसिएचएले हाल आश्रयका लागि आवश्यक सामग्रीको भण्डारण पूर्णरूपमा सकिएको र विगत १३० दिनभन्दा बढी समयदेखि इजरायलले नयाँ पाल तथा आश्रय सामग्री प्रवेश गर्न नदिएको जानकारी दिएको छ । साथै, द्वन्द्व र असुरक्षाका कारण गाजाभित्र कार्यरत सहायता कर्मचारीहरूको सुरक्षामासमेत गम्भीर चुनौती देखिएको छ । बुधबार र बिहीबारका दिन, सहायता टोली रहेका स्थानहरू नजिकै भएका हवाई आक्रमणहरूबाट ठूलो जोखिम उत्पन्न भएको थियो । भाग्यवश, कुनै पनि सहयोगकर्मी घाइते भएका छैनन् । तर, यस्ता घटनाले मानवीय काममा संलग्न सबैको सुरक्षालाई गम्भीररूपमा असर पुऱ्याउने चेतावनी संयुक्त राष्ट्रसंघले दिएको छ ।

राष्ट्रसंघका महासचिवका प्रवक्ता स्तेफान दुजारिकले मानवअधिकार कार्यालयबाट प्राप्त पछिल्लो विवरण सार्वजनिक गर्दै भने, 'गाजा क्षेत्रमा राहत सामग्री लिन खोज्दा ज्यान गुमाएका ८१९ जना फिलिस्तीनीको तथ्यांक हामीसँग छ । यसमध्ये अधिकांश व्यक्ति सहायता वितरण केन्द्रहरू र राहत सवारीसाधन नजिक मारिएका थिए ।'

उनले निष्पक्ष र स्वतन्त्र छानबिन आवश्यक रहेकोमा जोड दिँदै भने, 'जहाँ नागरिकहरू दैनिकरूपमा केवल खाना लिन जाँदा मारिन्छन्, त्यो प्रणालीलाई मानवीय भनेर स्वीकार गर्न सकिन्न ।' *रासस⁄सिन्ह्वा*

# गाजा वार्ता जटिल मोडमा, दुवै पक्षबीच गहिरो मतभेद

**गाजा सहर–** गाजामा युद्धविरामका लागि हमास र इजरायलबीच कतारमा भइरहेका अप्रत्यक्ष वार्तामा इजरायलको सेना फिर्तीसम्बन्धी प्रस्तावले ठूलो अवरोध सिर्जना गरेको दुईजना प्यालेस्टिनी स्रोतले शनिबार बताएका छन् ।

गत आइतबारदेखि कतारको राजधानी दोहामा दुवै पक्षका प्रतिनिधिहरूबीच २१ महिनादेखिको युद्धमा अस्थायी विराम ल्याउने उद्देश्यले छलफल भइरहेको छ । यो द्वन्द्व सन् २०२३ को अक्टोबर ७ मा हमासद्वारा इजरायलमाथि आक्रमण भएपछिको हो ।

हमास र इजरायल दुवैले सो दिन अपहरण गरिएका जीवित १० बन्धकलाई युद्धविरामको सहमति भएमा रिहा गरिने बताएका छन् । तर एक जानकार प्यालेस्टिनी स्रोतका अनुसार, इजरायलले गाजाबाट पूर्णरूपमा सेना फिर्ता गर्न अस्वीकार गरेकाले सहमति टाढिएको छ ।

'हाल दोहामा जारी वार्ता जटिल मोडमा पुगेको छ । इजरायलले जुन नक्सा प्रस्तुत गरेको छ, त्यसले वास्तवमा सेना फिर्ता होइन, पुनःतैनाथीको संकेत गर्दछ,' स्रोतले बताए ।

हमासले गाजाबाट इजरायली सेनाको पूर्णफिर्तीको माग राख्दै आएको छ, जहाँ दुई करोडभन्दा बढी मानिस बसोबास गर्छन् । तर इजरायली पक्षले प्रस्तुत गरेको नक्सामा करिब ४० प्रतिशत क्षेत्रफलमा सैन्य उपस्थिति कायम राख्ने प्रस्ताव गरिएको छ । 'यस्तो प्रस्तावले गाजा फेरि टुक्रा-टुक्रा पारिएको, सिमाना बन्द भएको र स्वतन्त्रताविहीन क्षेत्रमा परिणत हुने खतरा पैदा गर्छ,' स्रोतले उल्लेख गरेको छ ।

मध्यस्थकर्ताहरूले वार्ता केही समयका लागि स्थगित गर्न आग्रह गर्दै संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेष दूत स्टिभ विट्कफ दोहा पुग्नेबित्तिकै छलफल पुनः सुरु गरिने जनाएका छन् ।

अर्का एक प्यालेस्टिनी स्रोतका अनुसार प्यालेस्टिनी बन्दीहरूको रिहाइ तथा गाजामा मानवीय सहायता पुऱ्याउने विषयमा केही प्रगति भएको छ । तर उनले इजरायली प्रतिनिधिमण्डलमाथि कुनै ठोस निर्णय गर्न सक्ने अधिकार नरहेको र 'युद्धलाई निरन्तरता दिन वार्ता रोक्ने प्रयास भइरहेको' आरोप लगाए । *रासस⁄एएफपी*

# ड्रोन र मिसाइल आक्रमणको सामना गर्दै युक्रेन, अन्तर्राष्ट्रिय प्रतिबन्धको माग

**किभ, युक्रेन–** युक्रेनका राष्ट्रपति भ्लोदिमिर जेलेंस्कीले हालै एक वक्तव्य जारी गर्दै, रुसले एकै रातमा ५९७ ड्रोन र २६ लामो दूरीका क्रुज मिसाइल युक्रेनी भूभागतर्फ प्रक्षेपण गरेको जानकारी दिएका छन् । उनका अनुसार तीमध्ये धेरैजसो 'शाहेद' ड्रोन हुन्, जसको उत्पादन इरानमा भएको हो ।

युक्रेनी वायु सेनाले दिएको जानकारीअनुसार ३१९ शाहेद ड्रोन र २५ मिसाइललाई निष्क्रिय पारिएको छ । तर एक मिसाइल र करिब २० ड्रोन पाँचवटा स्थानमा खसेको पुष्टि गरिएको छ, यद्यपि ती स्थानहरूको विस्तृत विवरण सार्वजनिक गरिएको छैन । राष्ट्रपति जेलेन्स्कीले अन्तर्राष्ट्रिय समुदायलाई समयमै ठोस कदम चाल्न आग्रह गर्दै भने, 'रुसी आक्रमणको तीव्रता हेर्दा अब ढिला गर्नु हुँदैन । यो अवस्थालाई रोक्न कडा प्रतिबन्ध आवश्यक छ ।'

उनले रुसलाई ड्रोन निर्माणमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सहयोग गर्ने र तेल निर्यातमार्फत आर्थिक लाभ लिने पक्षहरूलाई पनि उपयुक्त कारबाहीको दायरामा ल्याउन अनुरोध गरेका छन् । हाल कायम रहेका पश्चिमी प्रतिबन्धहरूको बाबजुद पनि तेल निर्यात रूसी अर्थतन्त्रको प्रमुख स्रोत रहँदै आएको छ । *रासस⁄एएफपी*

# म्यान्मामा गुम्बालक्षित हवाई आक्रमण, २२ सर्वसाधारणको मृत्यु

**बैंकक–** म्यान्माको सागाइङ क्षेत्रको लीन ता लु गाउँस्थित एक बौद्ध गुम्बामा भएको हवाई आक्रमणमा परी २२ सर्वसाधारणको ज्यान गएको छ, जसमा तीन बालबालिका पनि रहेका छन् ।

सशस्त्र द्वन्द्वका कारण घरबार गुमाएका सर्वसाधारणले उक्त गुम्बालाई सुरक्षित आश्रयस्थल ठानी बसोबास गरिरहेका थिए । तर शुक्रबार बिहान १ बजे गुम्बाको मुख्य हलमा हवाई आक्रमण भएको थियो । प्रत्यक्षदर्शीका अनुसार, विष्फोट गुम्बामाथि खस्दा त्यहाँ रहेका धेरै नागरिकहरूको ज्यान गएको हो । 'गुम्बा शान्त र सुरक्षित हुने विश्वासमा बसेका मानिसहरू अचानक हवाई आक्रमणको सिकार बन्न पुगे,' एक स्थानीय बासिन्दाले भने । उनका अनुसार गुम्बा पूर्णरूपमा ध्वस्त भएको छ र धेरै शवका शरीरका भाग छुट्टिएको अवस्थामा भेटिएका छन् ।



सन् २०२१ मा सैनिकले निर्वाचित सरकारलाई हटाएर सत्ताकब्जा गरेपछि म्यान्मा गृहयुद्धमा फसेको हो । सागाइङ विद्रोहीको बलियो प्रभाव क्षेत्र भएकाले सेनाले बारम्बार त्यहाँ आक्रमण गर्दै आएको छ । यो क्षेत्र केही महिनाअघि ७.७ रेक्टर स्केलको भूकम्पबाट पनि प्रभावित भएको थियो, जसले करिब तीन हजार ८०० जनाको ज्यान लिएको थियो ।

युद्धविरामको घोषणा भए पनि सेनाले हवाई आक्रमण जारी राखेको छ । यसअघि, मे महिनामा भएको एक आक्रमणमा विद्यालयका २० विद्यार्थी र दुई शिक्षकको ज्यान गएको थियो । सरकारी प्रवक्ता जाव मिन टुनले घटनाबारे कुनै प्रतिक्रिया दिएका छैनन् । यो घटनाले म्यान्मामा नागरिक अझै पनि हिंसा र असुरक्षाको चपेटामा रहेका छन् भन्ने कुरा फेरि पुष्टि गरेको छ । *रासस⁄एएफपी*

# नासाले 'अक्सियम मिसन-४' को प्रस्थान प्रत्यक्ष प्रसारण गर्ने

**ह्युस्टन अमेरिको–** अमेरिकी अन्तरिक्ष संस्था नासाले 'अक्सियम मिसन-४' अन्तर्गत अन्तरिक्षबाट फर्किंदै गरेका अन्तरिक्षयात्रीहरूको प्रस्थान प्रत्यक्ष प्रसारण गर्ने घोषणा गरेको छ ।

नासाको सहकार्यमा सञ्चालित 'अक्सियम मिसन-४' एक निजी अन्तरिक्ष अभियान हो, जसमा चार अन्तरिक्षयात्री अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्र (अअस) मा १७ दिन बसेर वैज्ञानिक अनुसन्धान गरेका थिए । यो मिसन सन् २०२५ जुन २५ मा स्पेस एक्सको रकेटमार्फत सुरु भएको थियो । टोलीमा अमेरिकी अन्तरिक्ष यात्री पेगी विट्सन, पोल्याण्डका स्लावोस उजनान्स्की, हंगेरीका टिबोर कपु र भारतका समूह कप्तान शुभांशु शुक्ला सहभागी थिए । शुक्ला अन्तरिक्षमा पुग्ने पहिलो भारतीय वायुसेना पाइलट हुन् । मिसनका क्रममा करिब ६० भन्दा बढी अनुसन्धान सम्पन्न गरिएको थियो । अब टोली स्पेस एक्सको ड्रागन यानमार्फत पृथ्वी फर्किंदै छ र यसको प्रत्यक्ष प्रसारण नासाले जुलाई १४ मा गर्ने छ ।

अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्र (अअस) मा १७ दिन बिताएका चार सदस्यीय टोलीको नेतृत्व अनुभवी अमेरिकी अन्तरिक्षयात्री पेगी विट्सनले गरे । प्रस्थानको प्रत्यक्ष प्रसारण नासाको वेबसाइटमा हेर्न सकिने छ । शुभांशु शुक्लाको यो सफल यात्रा भारतका लागि ऐतिहासिक उपलब्धि हो, जसले भविष्यमा अन्तरिक्ष क्षेत्रमा भारतीय सहभागिता अझ सशक्त बनाउने अपेक्षा गरिएको छ । *रासस⁄एएनआई*

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९१८०० | प्रति तोला – ० | प्रति तोला – २२२० |



**व्यावसायिक बन्दाखेती** | म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ टिकोटमा गरिएको व्यावसायिक बन्दाखेती । टिकोटका बासिन्दाले परम्परागत खाद्यबालीको विकल्पमा व्यावसायिक बन्दाखेती गरेका छन् । *तस्बिरः सन्तोष गौतम/रासस*

# भूमिहीन दलित र सुकुम्बासीलाई प्रधानमन्त्रीले बाँडे जग्गाधनी पुर्जा

■ प्रभाव संवाददाता

**झापा–** प्रधानमन्त्री केपी शर्मा ओलीले कनकाई नगरपालिकाका भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी पुर्जा वितरण गरेका छन् ।

भूमि समस्या समाधान आयोग, जिल्ला समितिद्वारा आयोजित शनिबार कार्यक्रममा सो पालिकाका २०० जनालाई उनले जग्गाधनी पुर्जा वितरण भएको हो ।

प्रधानमन्त्री ओलीले भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीले धनी पुर्जा पाउनु खुसीको कुरा भएको उल्लेख गर्दै वर्तमान सरकारले मुलुकमा राजनीतिक स्थायित्व कायम गर्दै जनताका समस्या समाधानमा ध्यान केन्द्रित गरेको बताए । उनले भूमिसम्बन्धी सबै समस्याको समाधानका लागि चाँडै भूमि विधेयक पारित गरिने जानकारी दिए । प्रधानमन्त्री ओलीले भूमिको अधिकतम उपयोग गर्ने, विशेषगरी व्यावसायिक खेती गरेर आर्थिक समृद्धिको मार्गमा अग्रसर हुन आवश्यक भएको बताए ।

प्रधानमन्त्रीको निजी सचिवालयका अनुसार देश विकासको गतिमा अग्रसर भएकाले निराश नहुन सम्पूर्ण नेपाली जनतामा आह्वान गर्दै मुलुकले गणतान्त्रिक शासन व्यवस्था अङ्गीकार गरेपछि शिक्षा र स्वास्थ्यलगायत क्षेत्रमा धेरै परिवर्तन भएका बताए ।

त्यस अवसरमा आयोगका केन्द्रीय अध्यक्ष हरि रिजालले पूर्वदेखि पश्चिम महाकालीसम्मका भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीलाई क्रमशः जग्गाधनी पुर्जा वितरण गरिने बताए ।

# बाख्रापालनमा जमेका चन्द दम्पती



**टीकापुर–** गाउँघरमा पछिल्लो समय वैदेशिक रोजगारीका लागि जाने क्रम बढेका बेला जानकी गाउँपालिका-९ का खेमबहादुर चन्दका दम्पती भने कृषि तथा पशुपालनमा जमेका छन् ।

चन्द दम्पतीले कृषि तथा पशुपालनमा आफूलाई स्थापित गर्दै लगका छन् । वडा नं ९ मा खेमबहादुर चन्द र रिजना चन्दले विसं २०७७ देखि अमरावती बाख्रापालन कृषि फार्म सञ्चालन गरी कृषि कर्म गर्दै आएका छन् । अरुणोदय मावि खैरीफाँटाको आठ बिघा १६ क⁄ा जमिन लिजमा लिएर उनीहरूले बाख्रापालन गरिरहेका छन् । अहिले उनीहरूको खोरमा ७५ बाख्रा छन् । चन्द दम्पतीले बाख्रापालनबाट वार्षिक रु पाँच लाखसम्म कारोबार गर्ने गरेका छन् । यसबाहेक सिजनअनुसारको खेतीपातीबाट समेत आम्दानी हुने गरेको उनीहरू बताउँछन् ।

सुरूमा परम्परागत रूपमा बाख्रा पालेका चन्द दम्पती व्यावसायिक बाख्रापालन गर्दा धेरै मेहनत गर्नुपरेको अनुभव सुनाउँछन् । 'बाख्रापालन गर्दा विगतजस्तो चराउने चरन छैन, बाँधेर बाख्रा पाल्दा बढी मेहनत गर्नुपर्छ', खेमबहादुरले भने, 'सामुदायिक वन उपभोक्ताले संरक्षण थालेपछि बाख्राका लागि चरन अभाव छ । बाँधेर पाल्दा दाना र घाँस बढी चाहिन्छ ।'

यही पेसाबाट जीवन चलाइरहेका चन्द दम्पतीलाई रानीजमरा कुलरिया सिँचाइ आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाइले पनि सघाएको छ ।

'हामीजस्ता वास्तविक किसानलाई अनुदान सहयोग हुनुपर्छ। आयोजनाले गरेको सूचनाअनुसार सहयोग लिइरहेका छौँ', रिजना चन्दले भनिन्, 'आयोजनाले खोर सुधार, खोर मर्मतमा सघाएको छ। घास काट्ने मेसिन, बोका सहयोग पाएका छौँ।'

विभिन्न पालिकाले किसानलाई वितरण गर्न यहीबाट बाख्रा लिन थालेपछि उनीहरूले उत्पादन बढाउन थालेका हुन् । बजारको अभाव नभएपछि उनीहरूको ध्यान उत्पादनमा मात्र छ । यतिखेर उनीहरूको फर्म हेर्न स्थानीय कृषकहरू आउने गरेका छन् । लिजमा लिएको यही जमिनमा घाँसखेती र अन्य अन्नबाली लगाउने गरेका छन् । यहाँ भएका बाख्रा स्थानीयस्तरमा पाइने जातकै छन् । बोका भने सिँचाइ आयोजनाले बयर जातको दिएको रिजनाको भनाइ छ ।

सुरूसुरूमा बाख्रा पाल्दा रोग लाग्दा समस्या झेलेका चन्द दम्पतीले आजभोलि बाख्रा बिरामी हुँदा खुवाउने औषधि र रोग बारे बुझेको बताउँछन् । 'पशुपालन गर्दा हुने क्षतिबाट जोगिन बाख्राको बिमा गर्ने गरेका छौँ, पहिलो वर्ष ज्ञान नहुँदा क्षति बेहोरेका छौँ', खेमबहादुरले भने, 'अब त कुन रोग लाग्यो भनेर सामान्यतया अड्कल पनि गरिहाल्छौँ, अहिले त सजिलोसँग बूढाबूढी मिलेर काम गरिरहेका छौँ ।'

यही बाख्रापालन र कृषि कर्मको आम्दानीबाट चन्दका छोरा कृषि विज्ञान स्नातक तह अध्ययन गरिरहेका छन् । बुबाआमाको कृषिको लगाव देखेर होला छोराले पनि कृषि अध्ययनमा रुचि देखाएको खेमबहादुरको भनाइ छ । बाख्रापालन गरेर छोराको पढाइ खर्च, घर खर्च सबै सहजै चलेको उनले भने ।

सिँचाइ आयोजनाका पशु प्राविधिक पुष्पराज भारती चन्द दम्पतीले मेहनतअनुसारको फल लिइरहेको बताउँछन् । 'मेहनत गरेर पेसामा टिक्नुभएको छ', उनले भने, 'बाख्रापालनसँगै खेतीपाती पनि गरिरहेकाले उहाँहरूलाई यही पेसामा टिक्न सहज भएको छ ।'

यस क्षेत्रका महिला पुरुष पछिल्लो समय रोजगारीका लागि भारतको बैङ्गलोर जाने गरेका छन् । यसरी जाने परिवारले सामान्यतया मासिक ३०/३५ हजार भारतीय रूपैयाँ कमाउने गरेका छन् । यतिखेर यस क्षेत्रका नेपाली दम्पती सयौँको संख्यामा बैंग्लोरमा गएका छन् । *रासस*

# 'साना आयोजनाका समस्या समाधान गरिन्छ'

■ प्रभाव संवाददाता



**काठमाडौं –** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले साना तथा मझौला जलविद्युत् आयोजनाका समस्या समाधानमा सरकारले सहजीकरण गर्ने बताएका छन् ।

हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसीएल) को १४औं वार्षिकोत्सव समारोहमा उनले ऊर्जा क्षेत्रको दिगो विकासका लागि साना तथा मझौला जलविद्युत् आयोजनाका समस्या एचआइडिसीएलले हेर्नुपर्नेमा जोड दिँदै सरकारले आवश्यक सहजीकरण गर्ने उल्लेख गरे । 'सरकार मातहतको कम्पनी एचआइडिसीएलले विभिन्न आयोजना निर्माणका क्रममा वित्तीय अभावका कारण समस्या परेका साना आयोजनालाई पुँजी अभाव हुन दिनुहुँदैन । २५ मेगावाट भन्दा कम क्षमताका आयोजनामा लगानी नगर्ने भनिएकामा त्यसलाई तत्काल परिमार्जन गर्नुपर्छ । साना, ठूला वित्तीय समस्यामा परेका आयोजनालाई लगानी गर्ने सरकारको दायित्व हो', खड्काले भने ।

साना र मझौला आयोजनाले पनि ऊर्जा क्षेत्रको विकासमा महत्वपूर्ण योगदान दिएका उनको भनाइ छ ।

मन्त्री खड्काले ठूला आयोजना र लगानीकर्तालाई आकर्षित गर्न एचआइडिसीएलले सहजीकरणको भूमिका मजबुत बनाउँदै आवश्यक परे ऋण र इक्विटीका माध्यमबाट वित्तीय अभाव समाधान गर्नुपर्नेमा जोड दिए । सबैलाई सहज हुने किसिमका नीति अवलम्बन गर्दै जानुपर्ने उनको भनाइ छ ।

ऊर्जामन्त्री खड्काले मुलुकको ऊर्जा आत्मनिर्भरता र निर्यातको सम्भावनालाई साकार बनाउन निजी क्षेत्रसँगको सहकार्य अपरिहार्य रहेको उल्लेख गरे । 'आजको आवश्यकताअनुसार नयाँ सोच र प्रविधिसँगै निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमिकतामा राख्दै अघि बढ्नुपर्छ', उनले भने ।

उनले जलस्रोत मुलुकको प्राकृतिक सम्पत्ति भएकाले यसको वैज्ञानिक र दिगो उपयोगमा सरकार प्रतिबद्ध रहेको बताए । जलविद्युत् परियोजनाहरूको निर्धारित समयमा सम्पन्नता, गुणस्तरीय निर्माण र लगानीमैत्री वातावरण सिर्जनामा नीतिगत सुधारलाई मन्त्रालयले अघि बढाइरहेको उनले जानकारी दिए ।

ऊर्जामन्त्री खड्काले ऊर्जा क्षेत्रमा थप लगानी भित्र्याउन सके मुलुकको आर्थिक समृद्धि सम्भव हुने धारणा राखे । 'प्राकृतिक स्रोत र खनिजको सदुपयोग गरेर मात्रै देशलाई समृद्धिको बाटोमा ल्याउन सकिन्छ', उनले भने । एचआइडिसीएल ऊर्जा क्षेत्रको बैंकको पनि बैंक बन्न सक्ने उनको भनाइ छ । एचआइडिसीएलका अध्यक्षसमेत रहनुभएका मन्त्रालयका सचिव सुरेश आचार्यले कम्पनीको १४ वर्षे यात्रामा निजी तथा सार्वजनिक क्षेत्रको सहकार्यले महत्वपूर्ण उपलब्धि हासिल गरेको बताए । सरकारले सन् २०३५ सम्म २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य प्राप्तिका लागि एचआइडिसीएलले सकारात्मक भूमिका खेल्ने उनले उल्लेख गरे ।

विद्युत् नियमन आयोगका अध्यक्ष डा रामप्रसाद धितालले लगानीकर्तालाई लगानीको वातावरण सुरक्षित गर्ने मार्गमा एचआइडिसीएल लाग्नुपर्ने बताए । नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक हितेन्द्रदेव शाक्यले छोटो समयमा नेपालको उर्जा क्षेत्रको विकासमा एचआइडिसीएलले खेलेको भूमिका सराहनीय रहेको बताए । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) नेपालका अध्यक्ष गणेश कार्कीले उत्पादनसँगै प्रसारण लाइनको क्षेत्रमा एचआइडिसीएल लाग्नुपर्नेमा जोड दिए ।

एचआइडिसीएलका प्रमुख कार्यकारी अधिकृत प्रजेशविक्रम थापाले जलविद्युत् र सौर्य ऊर्जासँगै नवीकरणीय ऊर्जाको क्षेत्रमा यसले काम गर्दै आएको जानकारी दिए । उनले सरकारले राखेको ऊर्जा विकासको मार्गचित्रलाई कार्यान्वयन गर्न आफू र आफ्नो कम्पनी लाग्ने प्रतिबद्धता जनाए । कार्यक्रममा उत्कृष्ट कर्मचारीलाई सम्मान गरिएको थियो ।

बक्यौता चुक्ता गर्ने बारे

**अत्यन्त जरूरी सूचना !**

यस **प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशन गरी सहकार्य गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै, चालु आर्थिक वर्ष २०८१/८२ मा विज्ञापन प्रकाशित गरेबापत हिसाब मिलान गर्न बाँकी रहेका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूलाई यही **असार मसान्त**सम्म सम्पूर्ण बक्यौता चुक्ता गरी हिसाब मिलान गर्नुहुन यसै सूचनामार्फत सादर अनुरोध गर्दछौं ।

लेखा शाखा

**प्रभाव पब्लिकेसन प्रा.लि.**

सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००

Email: marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ